# नगर शिक्षा योजना

## वि. सं. २०७८—२०८७




नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०९/१३

प्रस्तुतकर्ता

**मलंगवा नगरपालिकाको कार्यालय**

**शिक्षा शाखा**

**सर्लाही**



# शुभकामना सन्देश

नेपालको संविधान २०७२ ले शिक्षालाई व्यक्तिको मौलिक हकको रुपमा स्थापित गर्दै आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा पाउने व्यवस्था गरेको छ । माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन, व्यवस्थापन, रेखदेख एवं नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको र जनताका सबैभन्दा नजिकको सरकार स्थानीय तह भएकोले जनतालाई परिवर्तन गराउनु र सर्वसुलभ गुणस्तरीय जीवन उपयोगी शिक्षा उपलब्ध गराउन आफ्नो कर्तव्य हुन आउँछ ।

विशेषतः सामुदायिक विद्यालयको शैक्षिक सुधार गरी गुणस्तरको सुनिश्चितता गर्दै विद्यालयमा समुदायको सहभागिता बढाउनु आवश्यक हुन आउँछ भने अल्पसंख्यक, विशेष आवश्यकता भएका बालबालिकाहरुलाई भित्र्याउने र टिकाउने समस्या एकातिर छ भने पोषण, जीवनपर्यन्त सिकाई प्रविधिसंग अभिभावक विद्यार्थी र शिक्षकलाई जोड्नु, समाजमा देखिने विकृति एवं विसङ्गतिलाई शिक्षाको माध्यमबाट विद्यालय व्यवस्थापनका पक्षमा सुधार गर्नुपर्ने चुनौतीपूर्ण पक्ष रहेको छ । नगरपालिकाको वर्तमान शैक्षिक अवस्थालाई मध्य नजर गरी आगामी १० वर्षभित्र विद्यालय शिक्षामा व्यापक सुधार गरी शैक्षिक गन्तव्यको थलोको रुपमा विकास गर्नुपर्ने अवस्था रहेको छ । यसै कुरालाई मध्यनजर गरी मलंगवा नगरपालिकाले आधुनिक समाजको निर्माणका साथै विद्यालय विकास र गुणस्तरीय शिक्षा प्रदान गर्न १० वर्षे शैक्षिक योजनाको निर्माण गरेको छ। यस योजनाले शिक्षाका मुद्दाहरुलाई सम्बोधन गर्ने आशा लिएको छु ।

देश विकासको मूल आधार शिक्षा हो । गुणस्तरीय शिक्षा विना व्यक्ति, परिवार र समाजको सर्वाङ्गीण विकास संभव छैन । समाज विकासका हरेका कालखण्डमा शिक्षाको महत्वपूर्ण योगदान रहँदै आएको छ । आदर्श, चारित्रिक र वैज्ञानिक चिन्तन भएको मानिस निर्माण गर्न शिक्षाले सघाउनुपर्छ । शिक्षाको दार्शनिक तथा सामाजिक र मनोवैज्ञानिक आधारमा विद्यालयको समग्र व्यवस्थापन गर्नु आजको आवश्यकता हो ।

शिक्षाको नीति, नियम, शिक्षण कला, प्रक्रिया र मूल्यांकन प्रणाली, विद्यालय प्रशासन, अनुगमन तथा निरीक्षण जस्ता पक्षहरुले शिक्षण सिकाइमा व्यापक प्रभाव पार्दछ । यस नगर शिक्षा योजनाले कक्षाकोठामा शिक्षण कलाको प्रयोग र विकास गर्न प्रेरित गर्नेछ । गुणस्तरीय शिक्षाका लागि सबै बाल बालिकाहरुलाई विद्यालयको पहुँचमा लिएर उनीहरुलाई नियमित गराउँदै विद्यालय तह पार गराउनु पर्ने चुनौती हाम्रो सामु रहेको छ । यस चुनौतीलाई समुदाय परिचालन र अभिभावक सचेतनाको माध्यमबाट समाधान गर्ने प्रयत्नमा यस योजनाले सहयोग पुऱ्याउने छ ।

शिक्षाको विकासका लागि आवश्यक पर्ने आधारहरुलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि शिक्षक वर्ग, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी, बुद्धिजीवी व्यक्तिहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु र शिक्षा इकाईका राष्ट्रसेवक कर्मचारीहरुको परिश्रम र लगनशीलताले महत्वपूर्ण भूमिका खेल्ने नै छ । हाम्रो नगर क्षेत्रको शैक्षिक विकासमा यस योजनाले शिक्षा विकासमा सहयोग पुग्नुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्तमा नगर शिक्षा योजना जस्तो बहुआयामिक योजना तयार गर्न आफैमा चुनौतीपूर्ण कार्य हो । योजना निर्माण कार्यका लागि अहोरात्र परिश्रम गर्नुहुने यस नगरपालिकाको शिक्षा प्रमुख **प्रमोद मंडल** धन्यवादको पात्र हुनुहन्छ । योजना निर्माणका लागि सल्लाह सुझाव दिनुहुने शिक्षाप्रेमी महानुभावहरुमा कृतज्ञता प्रकट गर्दछु । **धन्यवाद**

**निरसल साह**
नगर प्रमुख
मलंगवा नगरपालिका

# हार्दिक आभार



होमनाथ सुवेदी

जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने कुराहरु लगायत आधारभूत आवश्यकताहरुको सम्बोधन गर्ने कर्तव्य स्थानीय तहलाई हुन आउँछन् । शिक्षा, स्वास्थ्य पूर्वाधार , कृषि, पशु लगायतका विषयमा प्रत्यक्ष र परोक्ष रुपमा स्थानीय सरकार र जनताको सम्बन्ध रहेको हुन्छ भने जनजीविका र रोजगारीको सन्दर्भमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ ।

शिक्षाले व्यक्ति, समाज र राष्ट्रको परिवर्तन गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुँदा प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षा प्रदान गर्न स्थानीय सरकारको जिम्मेवारी हुन आउँछ । शिक्षाको समग्र पक्षको विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शैक्षिक सुधारका कार्यक्रमको छनौट र कार्यान्वयन गर्नु जरुरी हुन आउँछ । शिक्षाका राष्ट्रिय तहगत सक्षमताहरु पूरा गर्नका लागि सबै तहका सरकारले स्पष्ट शिक्षा नीति लिई कार्यान्वयन गर्नु जरुरी पर्दछ ।

मलंगवा नगरपालिकाले नगर क्षेत्र भित्र शैक्षिक विकास गरी यसलाई गन्तव्यको थलोको रुपमा विकास गर्न **दश वर्षका लागि नगर शिक्षा** योजना कार्यान्वयनमा ल्याई शिक्षाका लक्ष्य एवं उद्धेश्यहरु हासिल हुने अपेक्षा लिएको छ ।

योजना नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि पथ प्रदर्शकको एउटा दस्तावेज भएको हुनाले यसका लक्ष्य, उद्धेश्य र कार्यक्रमहरु केही महत्वकांक्षी पनि हुन सक्छन् भने कतिपय कार्यक्रम छुटेका पनि हुन सक्छन् । त्यसका लागि योजना निर्माण टोलीले विशेष ध्यान दिएको महसुस गरेको छु । यो दश वर्षे शिक्षा योजना कार्यान्वयनका लागि सङंघीय सरकार, प्रदेश सरकार, जन प्रतिनिधि लगायत गैर सरकारी संघ संस्थाहरुको महत्वपूर्ण भूमिका रहने अपेक्षा लिएको छु ।

अन्त्यमा यो योजनालाई आवश्यकता अनुसार अद्यावाधिक गर्दै लगिने भएकोले यसलाई थप प्रभावकारी, उपयोगी र व्यवहारिक तुल्याउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्क सुझाव र हौसलाको अपेक्षा गर्दै योजना निर्माणमा खटिनुहुन सम्पूर्ण शिक्षाकर्मी मित्रहरु लगायत यसलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**होमनाथ सुवेदी**
प्रमुख प्रशसकीय अधिकृत
मलंगवा नगरपालिका

## भूमिका :



**प्रमोद मंडल**

शिक्षा देश विकास र समृद्धिको मूल आधार हो । गुणस्तरीय शिक्षा प्राप्त गर्नु बालबालिकाको जन्मसिद्ध अधिकार हो । सन् १९४८ को राष्ट्र संघीय मानव अधिकार घोषणापत्र, सन् १९८९ को बालअधिकार घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय स्तरमा भएका शिक्षा सम्बन्धि सम्मेलनका साथै नेपालको संविधान २०७२ ले शिक्षालाई बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ । आधारभूत तह निःशुल्क एवम् अनिवार्य र माध्यमिक तह निःशुल्क हुने सुनिश्चितता संविधानले गरेको छ ।

राज्य, सवल, सक्षम र सम्पन्न बन्नको लागि शिक्षामा विकास हुन जरुरी हुन्छ । वर्तमान अवस्थामा नेपालमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ । राज्यको पुनःसंरचना पछि माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ । शिक्षालाई सर्वसुलभ बनाई शैक्षिक अवसर अभिवृद्धि गर्दै सबैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुऱ्याई वर्तमान आवश्यकता अनूकुल सीपमुलक र रोजगारीमुलक शिक्षा प्रदान गर्नु र नगरपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता, जवाफदेहिताको सुधार गर्दै समतामूलक गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम नागरिक उत्पादन गर्ने यस नगर शिक्षा योजनाको लक्ष्य रहेको छ ।

मलंगवा नगरपालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरुलाई सामुहिक रुपमा समाधान गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न यो योजना कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ । यो योजना विद्यमान सरकारी नीति, शिक्षा ऐनको आधारमा जनप्रतिनिधिहरु, विद्यालयका प्रधानाध्यापकहरु, संघ संस्थाका प्रतिनिधिहरु, स्थानीय बुद्धिजीविहरु र सरोकारवालाहरुको सहभागितामा तयार गरिएको छ । साथै योजना तयारीमा आवश्यक सहयोग गर्ने मलंगवा नगरपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यो योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने भएकोले यसलाई थप प्रभावकारी, उपयोगी र व्यवहारिक तुल्याउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्मक सुझाव र हौसलाको अपेक्षा गर्दछुं ।

**प्रमोद मंडल**
**शिक्षा प्रमुख**

## नगरपालिका नगर शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु :

श्री निरसल साह संयोजक **(नगर प्रमुख)**

श्री होमनाथ सुबेदी सदस्य **(प्रमुख प्रशासकीय अधिकृत)**

श्री नेबलाल यादव सदस्य **(नगर शिक्षक महासंघ अध्यक्ष)**

श्री राज कुमार अधिकारी सदस्य **(पालिका सूचना अधिकारी)**

श्री प्रमोद मण्डल सदस्य सचिव - **(शिक्षा प्रमुख)**

**शिक्षा योजना तर्जुमा समिति**

श्री होमनाथ सुवेदी **प्रमुख प्रशासकीय अधिकृत**

श्री प्रमोद मण्डल शिक्षा प्रमुख

श्री राजेश कुमार झा इजिआरपि

श्री रामचन्द्र चौधरी प्रेरणा

**कम्प्युटर /प्राविधक सहयोग**
रीतेश यादव
पुजा कुमारी
**भाषा सम्पादन**
पद्मलाल फुँयाल (श्री पब्लिक मा.वि.मलंगवा-२, सर्लाही)

**सहयोगी संस्थाहरु**
**प्रेरणा, वर्ल्ड भिजन, इजिआरपि, भिएसओ, एचआई**

# सर्लाही जिल्लाको नक्शा





स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830

MoFALD, 2074

# मलंगवा नगरपालिकाको नक्शा



# <u>विषय सूची</u>


**शुभकाकामना सन्देश**

**हार्दिक आभार**

**<u>भूमिका</u>**

**नगरपालिका नगर शिक्षा योजना निर्माणको कार्यदलका सदस्यहरु**

**सर्लही जिल्ला र मलंगवा नगरपालिकाको नक्शा**

**पेज नं.**

**१. परिचय** ............................ **१-९**

१.१ **सन्दर्भ र औचित्य**.............................................................................

१.२ नगरपालिकाको परिचय.......................................................................

१.३ नगरपालिकाको शैक्षिक अवस्था...........................................................

**२.नगर शिक्षा योजनाको परिचय**............................................................. **१०-११**

२.१ नगर शिक्षा योजना के हो ? ...............................................................

२.२ नीतिगत व्यवस्थाहरु .........................................................................

२.३ नगर शिक्षा योजना निर्माण प्रक्रिया ......................................................

**३.लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धि** ............................................................ **१२-१३**

३.१ दूरदृष्टि .........................................................................................

३.२ योजनाको लक्ष्य ..............................................................................

३.३ योजनाको उद्देश्यहरु .........................................................................

३.४ नगर शिक्षा योजनाका कार्यसम्पादन शैक्षिक सूचकहरु.........................................

**४. मूख्य समस्याहरु, आवश्यकताको पहिचान तथा लक्ष्य निर्धारण**.................................. **१४-१६**

४.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरु ..........................................................

४.२ आवश्यकताको पहिचान तथा लक्ष्य निर्धारण..................................................

४.३ नगरपालिका भित्र मर्मत गर्नुपर्ने वा नयाँ निर्माण गर्नुपर्ने भौतिक सुविधाहरुका विवरण :.....

**५. कार्यनीति, योजना र कार्यक्रमहरु**............................................................. **१७-२८**

५.१ मुख्य कार्यनीतिहरु............................................................................

५.२ क्षेत्रगत कार्यक्रम रणनीति तथा अपेक्षित उपलब्धिहरु..........................................

**मुख्य-मुख्य क्रियाकलापहरु**.................................................................

५.३ स्रोत व्यवस्थापन...............................................................................

योजनाको अनुगमन तथा मूल्यांकन.............................................................

❖ नगर शिक्षा योजना निर्माणका लागि सरोकारवालाहरुसँग गरिएका अन्तरक्रियाका केही तस्विरहरु **२९-३०**

# परिच्छेद १
# परिचय

## १.१ सन्दर्भ र औचित्य

शिक्षालाई सामाजिक तथा आर्थिक रुपान्तरणको मूलआधारको रुपमा लिने गरेको पाइन्छ । पालिकाको शिक्षा विकास नै सबै क्षेत्रको विकासको प्रमुख आधार हो भन्ने कुरामा दुई मत नहोला । त्यसैले हरेक पालिकामा शिक्षा विकासको क्रियाकलापहरुलाई व्यवस्थित बनाउन एक पालिका एक शिक्षा योजना आजको आवश्यकता हो ।

नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । जसअनुसार धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरिएको देखिन्छ भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । उक्त हकको सुनिश्चत गर्नको लागि पनि शिक्षा योजना आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत ब्यवस्था भएको छ । जसमा गाऊँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरुका विषयमा नीतिगत व्यवस्था गरिएको छ । तर हालसम्म पालिकामा शिक्षा क्षेत्रको योजना तय गरिरहेको अवस्थामा यो कार्यलाई अगाडि बढाइएको छ ।

त्यसैगरी उक्त ऐनले शिक्षाका **२३ अधिकार सुनिश्चत** गरिएको छ । त्यी अधिकारहरुलाई ब्यवस्थित गर्दै सरकारले तय गरेका विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य उद्धेश्य, १५ औं योजना अन्तर्गत रहेका सामाजिक क्षेत्रको शिक्षाको लक्ष्य उदेश्य, यस पालिकाको लक्ष्य उद्धेश्य लगायत राज्यको शिक्षा सम्बन्धी नीति कार्यक्रम लक्ष्य उद्धेश्य पूरा गर्न तथा स्थानीय आवश्यकता पूरा गर्न पालिका स्तरमा शिक्षाको प्रोफाइल तथा शिक्षा योजना आजको आवश्यकता रहेको निष्कर्ष छ । यसको साथै शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पनि १० बर्षे नयाँ शिक्षा क्षेत्रको योजना निर्माणको लागि कार्य ढाँचा २०७७ विकास गरेको र पालिकाहरुले शिक्षा योजना तयारको लागि आधार तय गरेको यस अवस्थामा यो योजनाको निर्माण गर्नु आवश्यक देखिएको छ ।

## १.२ पालिकाको पृष्ठभूमि

### • नगरपालिकाको संक्षिप्त परिचय तथा पृष्ठभूमी

मलङ्गवा नगरपालिका प्रदेश नं. २ अन्तर्गत, जनकपुर अञ्चल, सर्लाही जिल्लाको मध्य भागमा अवस्थित रहेको छ । काठमाण्डौबाट ३२५ किलोमिटर र पूर्व पश्चिम राजमार्ग नवलपुर देखि २५ कि.मि. दक्षिणमा रहेको यस नगरपालिकाको भौगोलिक क्षेत्र ३०.४४ वर्ग किलोमिटर रहेको छ । ***मलङ्गवा नगरपालिकाको नाम ईस्लामिक सन्त मलंग बाबाको नामबाट*** रहन गएको उक्ति पाइन्छ जहाँ चैत्र महिनामा जीवन सुख सुविधाको कामना गर्दै यसलाई पर्वको रुपमा समेत मनाउने गरिएको पाइन्छ । पूर्वमा ब्रहम्पुरी गाउँपालिका र भारतको सोनवर्षा, पश्चिममा चकरघट्टा र विष्णु गाऊपालिका, उत्तरमा कविलासी नगरपालिका र दक्षिणमा भारतको विहार राज्यको सीतामढी जिल्ला सिमाना रहेको छ । नगरपालिका साविकको मुसैली, खुटौना, भांडसर र गम्हरिया गाउँ विकास थप गरी मिति २०७३ फागुन २७ गतेको निर्णय अनुसार प्रशासनिक संरचना तय भएको हो । यस नगरपालिकामा जम्मा ८०२० घरधुरी र ४६ हजार ५१६ जनसंख्या रहेका छन् । विशेषत मधेसी, नेवारी, मुस्लिम, यादव र मारवाडी समुदायको बसोबास रहेको यस नगरपालिकामा मुस्लिम तथा हिन्दु धर्म मान्ने हरुको जनसंख्या अधिक रहेको छ । धार्मिक तथा सांस्कृतिक सहिष्णुताको उदाहरण रहेको यस नगरपालिकामा भारतको सिमाना नजिक भौगोलिक हिसावले २६° ५२' उत्तरी आक्षांश र ८५° ३४' पूर्व देशान्तर सहित ७९ मिटर उचाईमा रहेको छ । जिवीकोपार्जनको माध्यमका रुपमा कृषि, पशुपालन, ज्यालामजदुरी, नोकरी र ब्यापार मुख्य जीविकोपार्जनका स्रोतको रुपमा रहेको छ जसमा वैदेशिक मूलुक तथा छिमेकी मूलुक भारत नै वैदेशिक रोजगारको गन्तब्य रहेको छ ।

- बाग्मती नहर, झिम नदी, लखनदेहीबाट हुने गरेको बाढी डुवान तथा कटान यस नगरपालिकाको मूख्य समस्याको रुपमा रहेको छ । दुईतर्फ भारतको सिमाना जोडिएको यस नगरपालिका भारतले स्थापना गरको सुलीगेटले वर्षेनी जस्तो डुवानमा पर्ने गरेको छ । वडा नं. ५ भाँडसर र गदौली प्रायः सबै वर्ष बाँध निर्माण पश्चात उत्तरतर्फबाट आउने पानी (लखनदेही नदी) का कारण डुवानमा पर्ने गरेको छ ।

- **नामकरण गरिनुको विशेषता झल्काउने महत्वपूर्ण ऐतिहासिक तथ्य :** मलंगवा वडा नं. ८ मा अवस्थित यहांका सवै जातजाती -(मुस्लीम हिन्दु) हरुको पवित्र तिर्थ स्थलको रुपमा सन्त मलंगबाबा को मजार रहेको छ । यहाँका बुढापाकाहरुको भनाई अनुसार उक्त मलंगबाबाको नामवाटै मलंगवा नगरपालिका नामाकरण भएको हो भन्ने जनविश्वास रही आएको छ ।

- पालिकाको स्थापना मिति :२०४३
- समावेश गरिएका गा.वि स हरु : मुसैली, गम्हरीया, खुटौना, भांडसर ।
- केन्द्र राजधानी देखिको दुरी : ३२५ किलो मिटर
- प्रदेश राजधानी देखिको दुरी : १०० कि.मि.
- यो नगरपालिका प्रदेश नं.२ अन्तर्गत पर्दछ ।
- भौगोलिक स्थिति ( पूर्व - भारतको विहार राज्य अन्तर्गत सोनवर्षा ,व्रम्हपुरी गा.पा., पश्चिममा कौडेना गा.पा. र चकघटटा, उत्तरमा कविालासी नगरपालिका र दक्षिण भारतको विहार राज्य अन्तर्गत सोनवर्षा, कन्हौली ) :

- कूल क्षेत्रफल : ३०.४४ वर्ग किलो मिटर
- वडा संख्या : १२

- कुन कुन वडा शहरी क्षेत्र , ८,९,१०, अर्धशहरी क्षेत्र २, ३,४, ११ र ग्रामिण क्षेत्रमा पर्ने १,१२,५,६,७ :
- तापक्रम न्यूनतम कति सेल्सियस देखि अधिकतम कति सेल्सियस सम्म हुने : ४ देखि ४५ डिग्री सेल्सियससम्म
- औषत वार्षिक वर्षा कति मि.मि. सम्म हुने :
- राष्ट्रिय जनगणना २०६८ अनुसार वा पालिकाको एक सर्भेक्षण अनुसार : (FOR THE CENSUS DATA PLEASE WRITE THE CENSUS YEAR IN GIVEN DOTS )
- कुल जनसंख्या : ४६५१६

| |
|---|
| • महिला :२२६९५ |
| • पुरुष : २३,८२१ |

- पालिकाको जनघनत्व प्रति वर्ग कि.मी. : १५०० कि.मि.
- पालिकाको कति प्रतिशत जनसंख्या साक्षर रहेका : ७२.२५
- **स्थानीय स्तरमा वोलिने भाषा : (बज्जिका)**
  - भेष भूषा : नेपाली, भोजपुरी, मैथली, हिन्दी , उर्दू ईत्यादि
  - धर्म रीतिरिवाज : हिन्दू, ईस्लाम, क्रिश्चियन
- **स्थानीय चाडपर्व** : छठ, होली, दशैं, दिपावली, झण्डा, दाहा,चौठचन्द
- पौराणिक र ऐतिहासिक पर्यटकीय स्थलहरु : मलंगबाबा मजार,राजदेवी मन्दिर ,दुर्गा भगवती मन्दिर
- धार्मिक स्थलहरु : दुर्गाभगवती मन्दिर, हनुमान मन्दिर, मलंगवावा मजार,
- **शैक्षिक अवस्था** : सरकारी विद्यालय :

| | | |
|---|---|---|
| • प्रा.वि ( प्राथिमिक विद्यालय ) :१४ | • नि.मा.वि ( निम्न माध्यमिक विद्यालय ) : ३ | • मा.वि ( माध्यमिक विद्यालय तह ५ ) : ५ |
| • | • विश्वविद्यालय ( **सर्लाही क्याम्पस, पद्मम रत्न** ) : २ | |

- **निजी विद्यालय** :

| | | |
|---|---|---|
| • प्रा.वि ( प्राथिमिक विद्यालय ) :१५ | • नि.मा.वि ( निम्न माध्यमिक विद्यालय ) : ६ | • मा.वि ( माध्यमिक विद्यालय ) : ६ |
| • उच्च मा.वि ( उच्च माध्यमिक विद्यालय ) : ६ | • विश्वविद्यालय ( क्याम्पस ) : 2 | |

- **स्वास्थ्य अवस्था** :

| | |
|---|---|
| • हेल्थपोस्ट : ९ | • निजी अस्पताल : ९ |
| • सरकारी अस्पताल: १ | |

## २०७८ सालमा इमिसमा अपलोड गरेको तथ्यांक अनुसार विद्यार्थी

| | school year-2078 EMIS | | ECD/PPC | | | G1-5 | | | G6-8 | | | G9-10 | | | G |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Code | Name | Girl | Boy | Total | Girl | Boy | Total | Girl | Boy | Total | Girl | Boy | Total | Girl |
| SN | 018 | MALANGWA MUNICIPALITY | 315 | 335 | 650 | 2561 | 2220 | 4781 | 1385 | 1196 | 2581 | 826 | 921 | 1747 | 91 |
| 1 | 190160001 | Ram Gulam Janta Ma V | 10 | 22 | 32 | 117 | 93 | 210 | 208 | 96 | 304 | 139 | 110 | 249 | 16 |
| 2 | 190160004 | Insan Pra V | 0 | 0 | 0 | 102 | 86 | 188 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | 190330001 | Pra V Palshi | 1 | 1 | 2 | 108 | 61 | 169 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 4 | 190330002 | Laxmi Devi Janata Ma Vi | 23 | 16 | 39 | 185 | 94 | 279 | 247 | 179 | 426 | 118 | 102 | 220 | 6 |
| 5 | 190330004 | Maistan Janta Pra V | 4 | 4 | 8 | 102 | 69 | 171 | 25 | 12 | 37 | 0 | 0 | 0 | 0 |
| 6 | 190330005 | Sahid Denesh Pra V | 14 | 5 | 19 | 96 | 78 | 174 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | 190330007 | Devnarayan Pra V | 22 | 19 | 41 | 90 | 68 | 158 | 35 | 20 | 55 | 0 | 0 | 0 | 0 |
| 8 | 190330014 | Modern Ideal English B.S | 16 | 20 | 36 | 35 | 66 | 101 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 9 | 190530001 | Janata Adhar V | 27 | 27 | 54 | 180 | 127 | 307 | 75 | 41 | 116 | 0 | 0 | 0 | 0 |
| 10 | 190530002 | Utpidit Dalit Pra V | 5 | 6 | 11 | 40 | 19 | 59 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 11 | 190640001 | Pra V Malangawa | 1 | 3 | 4 | 37 | 28 | 65 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 12 | 190640002 | Bal Mandir Pra V | 4 | 3 | 7 | 36 | 29 | 65 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 13 | 190640003 | Public Secondary School | 26 | 27 | 53 | 159 | 98 | 257 | 178 | 156 | 334 | 121 | 180 | 301 | 16 |
| 14 | 190640004 | Sa Ja Pra V | 6 | 6 | 12 | 122 | 83 | 205 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 15 | 190640005 | Pra V Malangawa panitanki | 25 | 24 | 49 | 149 | 111 | 260 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 16 | 190640006 | Pra.vi.malangawa-3 | 7 | 4 | 11 | 29 | 21 | 50 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 17 | 190640009 | Pra V Malangawa | 30 | 13 | 43 | 76 | 90 | 166 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 18 | 190640010 | Krishna Devi Janta Ma V | 0 | 1 | 1 | 127 | 104 | 231 | 311 | 258 | 569 | 319 | 351 | 670 | 0 |
| 19 | 190640014 | Madrassa Jilaniya Pra V | 8 | 13 | 21 | 159 | 129 | 288 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 20 | 190640031 | Ram Sa Pra V | 7 | 7 | 14 | 49 | 56 | 105 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 21 | 190640039 | Apex Academy | 14 | 47 | 61 | 50 | 69 | 119 | 33 | 77 | 110 | 15 | 16 | 31 | 42 |
| 22 | 190640045 | Model English B.S. | 0 | 0 | 0 | 34 | 77 | 111 | 23 | 44 | 67 | 6 | 20 | 26 | 0 |
| 23 | 190640046 | Sagarmatha Ebs | 0 | 0 | 0 | 37 | 63 | 100 | 54 | 84 | 138 | 0 | 0 | 0 | 0 |
| 24 | 190640050 | South Point English B.S. | 17 | 32 | 49 | 56 | 105 | 161 | 16 | 49 | 65 | 8 | 23 | 31 | 5 |
| 25 | 190640062 | Nirvana English B.S. | 0 | 0 | 0 | 37 | 70 | 107 | 19 | 33 | 52 | 3 | 5 | 8 | 0 |
| 26 | 190700001 | Pra V Musaili | 31 | 23 | 54 | 163 | 121 | 284 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 27 | 190700002 | Baudhi Devi Ma V Musaili | 17 | 12 | 29 | 186 | 205 | 391 | 161 | 147 | 308 | 97 | 114 | 211 | 6 |

# नगरपालिकाभित्र रहेका धार्मिक विद्यालयहरु (मदरसा) को विवरण -२०७८

| सि.नं. | मदरसाको नाम | अनुमति कक्षा | अनुमति दिने कार्यालयको नाम | विद्यार्थी संख्या | मदरसा रहेको स्थान | क्षेत्रफल | भवन संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | मदरसा गोसूलबरा | १ सम्म | जि.शि.का. | १०५ | पल्सी ५ | १० धूर | २ |
| २ | मदरसा अैनुल ओलुम | १ सम्म | जि.शि.का. | ११० | खुटौना ६ | १ कठा १० धूर | १२ |
| ३ | मदरसा इस्लामिया | १ सम्म | जि.शि.का. | १०० | गम्हरिया ५ | १ कठा ५ धूर | ४ |
| ४ | मदरसा फैजाने मुस्ताफा | १ सम्म | जि.शि.का. | ८२ | ठूलो मूसैली | २.२५ धूर | ३ |
| ५ | मदरसा गुलशने तैवा | १ सम्म | जि.शि.का. | १३३ | छोटी मूसैली | १ कठा | ५ |
| ६ | मदरसा इस्लामिया फैजुलगरबा | १ सम्म | जि.शि.का. | १५४ | भाडसर | १५ धूर | १७ |
| ७ | जमिया शाहिदिया कोसरे इस्लाम | १ सम्म | जि.शि.का. | १६६ | मलंगवा ३ | २ कठा | १०कोठा |
| ८ | मदरसा इस्लामिया रजविया | १ सम्म | जि.शि.का. | २०९ | मलंगवा ९ | | ८कोठा |
| ९ | मदरसा जिलानिया | १ सम्म | जि.शि.का. | १३२ | मलंगवा ३ | २ कठा ५ धूर | ११ |
| १० | जामेअतुल बनातुल मामेनात | १ सम्म | जि.शि.का. | २५ | खुटौना ८ | १० धूर | २ |
| ११ | मदारसा जियाउल ओलुम गणेशिया | १ सम्म | नगरपालिका | ५४ | | | |

## नगरपालिकाभित्र रहेको सामुदायिक विद्यालयहरुको विवरण-२०७८

| क्र.स. | विद्यालय कोड | विद्यालयको नाम | प्र.अ.को नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | १९०६४०००३ | पब्लिक मा.वि. मलंगवा नपा २ | सुभाष कुमार यादव | ९८४४०३२२९७ |
| २ | १९०६४००१० | कृष्णदेवी ज.मा.वि. मलंगवा नपा ९ | विन्देश्वर यादव | ९८४४०२०५८५ |
| ३ | १९०६४०००४ | सरस्वती ज.प्रा.वि.भेडियाही,मलंगवा नपा १ | उपेन्द्र राय | ९८४४०६३३४१ |
| ४ | १९०६४०००१ | प्रा.वि. मलंगवा नपा २ (२११७१६) | ममतालक्ष्मी मास्के | ९८१७६८८८८९ |
| ५ | १९०६४०००७ | प्रा.वि. मलंगवा ७, मलंगवा नपा ३ | गीता यादव | ९८४४४४४२६८ |
| ६ | १९०६४०००६ | प्रा.वि. मलंगवा ५, मलंगवा नपा ३ | अशोककुमार सिंह | ९८४४०३२४६१ |
| ७ | १९०६४०००५ | प्रा.वि. मलंगवा नपा ४ | रामाश्रेय राय | ९८४५१९३०५९ |
| ८ | १९०६४०००९ | प्रा.वि. मलंगवा नपा ९ | सरोज कूशवाहा | ९८५४०३६५५७ |
| ९ | १९०७०००१ | प्रा.वि. गणेशिया ,मलंगवा नपा ७ | रामविलास राय | ९८४४०३३३५१ |
| १० | १९०६४०००२ | बालमन्दिर प्रा.वि. मलंगवा नपा ९ | जितेन्द्रलाल दास | ९८४४०३३३०५ |
| ११ | १९०६४००१४ | जिलानिया प्रा.वि. मलंगवा नपा ३ | नाजिया प्रविण | ९८४४५३२८६७ |
| १२ | १९०५३०००१ | जनता आधारभूत वि. खुटौना, मलंगवा नपा ६ | हृदयनारायण राय | ९८५४०३६८५७ |
| १३ | १९०५३०००२ | उ.द.प्रा.वि. सुखैनिया खुटौना,मलंगवा नपा ६ | अनिल यादव | ९८४४०४८४१७ |
| १४ | १९०७०००२ | बौधीदेवी मा.वि. मुसैली, मलंगवा नपा ७ | राम कुमार शर्मा | ९८४४१२६५२४ |
| १५ | १९०१६०००१ | रामगुलाम ज.मा.वि.भाडसर, मलंगवा नपा ५ | युगेश्वर राउत | ९८६१०७३६२२ |
| १६ | १९०१६०००४ | ईन्सान प्रा.वि.भाडसर, मलंगवा नपा ५ | प्रवेज मिकरानी | ९८४४०९०४५८ |
| १७ | १९०३३०००२ | लक्ष्मीदेवी ज.मा.वि.गम्हरिया, मलंगवा नपा ११ | जितेन्द्र कुमार कर्ण | ९८४४०३२३३८ |
| १८ | १९०३३०००१ | प्रा.वि.पल्सी, मलंगवा नपा ११ | नागेश्वर राय | ९८१६८२६३७१ |
| १९ | १९०३३०००७ | देबनारायण प्रा.वि. गम्हरिया, मलंगवा नपा ११ | नितू यादव | |
| २० | १९०३३०००५ | शहिद दिनेश प्रा.वि.गम्हरिया, मलंगवा नपा ११ | किशोरी राय | ९८१६८५०८३६ |
| २१ | १९०३३०००४ | माईस्थान ज.प्रा.वि.गम्हरिया, मलंगवा नपा १२ | मखन प्रसाद यादव | ९८१६८२०८२० |
| २२ | १९०६४००३१ | राम सा.प्रा.वि.मलंगवा नपा १० | राम प्रवेश महतो | ९८४४२९१०६२ |

## ❖ मलंगवा नगरपालिकाको घरधुरी र जनसंख्याको वडागत विवरण :

स्रोत :"Population Ward Level 753 Local Unit" (PDF). CBS.

जिल्ला : सर्लाही पालिका : मलंगवा नगरपालिका

| वार्ड नं. | घरधुरी संख्या | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२७ | ६७० | ६५३ | १३२३ | |
| २ | ५५१ | १६६१ | १५३६ | ३१९७ | |
| २ | १२४२ | ३७८६ | ३८०२ | ७५८८ | |
| ४ | ६९५ | २१६१ | २०१६ | ४१७७ | |
| ५ | ६४१ | २०१४ | १९५८ | ३९७२ | |
| ६ | ७६६ | २४६६ | २४२७ | ४८९३ | |
| ७ | ८३३ | २६१२ | २५७८ | ५१९० | |
| ८ | ४३८ | ११०८ | १०२६ | २१३४ | |
| ९ | ५६२ | १५३३ | १२७९ | २८१२ | |
| १० | ७१८ | २०३७ | १८३४ | ३८७१ | |
| ११ | ७३१ | २३०२ | २१५५ | ४४५७ | |
| १२ | ५०८ | १४७१ | १४३१ | २९०२ | |
| जम्मा | ७९१२ | २३८२१ | २२६९५ | ४६५१६ | |

### हावापानी :

यो नगरपालिका तराई प्रदेशको दक्षिण भागमा अवस्थित छ । यहाँको भू-स्वरुपा समथर भए पनि गर्मी मौसममा अत्यधिक गर्मी र चिसो मौसमा ज्यादै चिसो हुने प्रकृतिको हावापानी छ । मूलतः न्यानो समशितोष्ण प्रकृतिको हावापानी पाइन्छ । गर्मी प्रदेश भएकोले वर्षा याममा वर्षात पनि निकै हुने गर्दछ ।

### सामाजिक वातावरण :

यो नगरपालिका वहुजाती वसोवास भएको नगरपालिका हो । त्यसैले विविध किसिमका संस्कृति परम्परा पाउनु स्वभाविकै हो । यस नगरपालिकामा सबैभन्दा बढी यादव जातिको वसोवास पाइन्छ । त्यसैगरी अन्य जातिहरुमा कोईरी, कलवार, तेली, डोम, मुसहर, चमार, दुसाध, बाहुन जातिहरुको वसोवास पाइन्छ । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ । कृषिका अतिरिक्त केही मानिसहररू सरकारी तथा गैरसरकारी सेवामा संलग्न रहेका छन् भने केही व्यापर व्यावसायमा संलग्न भएका छन् । त्यसै गरी ज्याला मजदुरी गरेर गुजारा गर्ने परिवार पनि छन् । यो नगरपालिकाका धेरै युवाशक्ति भने वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ । जातियतामा विविधता सँगै धर्ममा पनि विविधता रहेको पाइन्छ । यस क्षेत्रका धेरै मानिसहरूले हिन्दू धर्म मान्ने गरेको तथ्याङ्क छ । त्यस पछि मुस्लिम धर्मावलम्वीको संख्या आउँछ । क्रिश्चियन तेस्रो देखिन्छ भने अन्य धर्म मान्ने धर्मावलम्बीहरू पनि रहेका छन् ।

सबै जातिको आ-आफ्नो संस्कृति भए पनि पनि दशैं, तिहार, छठ, होली जस्ता पर्वहरू भने यस क्षेत्रका वासिन्दाहरूले मान्ने/मनाउने गर्दछन् ।

**प्रमुख उत्पादनहरु :**

यस नगरपालिकाका ६५% भन्दा बढी मानिस कृषि पेशामा संलग्न भएका पाइन्छन् । यस क्षेत्रको कृषकहरु मूलत: धान, गहु, जस्ता अन्नबाली, तेलहन, दलहन, जस्ता खेती लगाउँछन् । पछिल्लो समयमा आएर कृषकहरु नगदेवाली तर्फ उन्मूख भएको भने पाइन्छ । खास गरी तरकारी खेतीमा कृषकहरु बढी आकर्षित भएको देखिन्छ ।

**यातायात पहुँच तथा बजार केन्द्र :**

मलगवा नगरपालिका सर्लाही जिल्लाको सदरमुकाम हो । यस नगरपालिकाको सबै वडामा सडक संजालको पहुँच पुगेको छ । यो नगरपालिका महेन्द्रराजमार्ग भन्दा २५ कि मि दक्षिणमा अवस्थित रहेको छ । लगभग ८ कि मि लम्बाई रहेको छ ।

**प्रमुख पर्यटकीय स्थानहरु**

मलंगवा नगरपालिकाको पर्यटन विकासको प्रचुर सम्भावना बोकेको नगरपालिका हो । एउटा सम्भावना स्थानीय पर्यटनको छ भने अर्को Long Trip को लागि पनि उत्तिकै उपयुक्त छ । यस नगरपालिका अन्तर्गत ८ नं. वडा मलंगवा बावाको स्थान रहेको छ र वहाँकै नाउँबाटै यस पालिकाको पनि नामकरण भएको किवंदन्ती रहेको छ । साथै मलंगवा न पा ९ मा रहेको राजदेवी माताको मन्दिर यहाँको बासिन्दाहरुको आस्थाको केन्द्र बनेको छ र वडा नं. ७ मुसैलीमा रहेको पर्यटकीय स्थलको रुपमा विकास गर्ने प्रस्तावित प्रदेश नं.२ को योजनामा रहेको र सो अनुसार काम पनि सुरु भइसकेको छ । भारतको सोनवर्षासँग यस पालिकाको वोर्डर जोडिएकोले पारि गई रमाईलो गर्न सकिने पनि छ ।

**प्रमुख सरकारी कार्यालयहरु तथा सुविधाहरु :**

यस नगरपालिकाका वडा नं.१० मा जिल्ला प्रशासन कार्यालय रहेको छ । यो पालिका जिल्लाको सदरमुकाम भएको हुनाले सरकारी सबै कार्यालयहरु यही अवस्थित छन् । साथै रात्री बसोबासका लागि विभिन्न स्तरीय होटलहरु रहेका छन् । त्यसै गरी वडा नं.४ मा वि.स.२०३७ देखि सर्लाही क्याम्पस संचालनमा रहेको छ जहाँ अहिले मास्टर्ससम्मको अध्ययन अध्यापन भइरहेको छ । यस पालिकामा प्रत्येक दिन हाट बजार लाग्दछ ।

## मलंगवा नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरू २०७८

| क.सं. | विद्यालय कोड | संस्थागत विद्यालयहरुको नाम | वाड नं. | अनुमति प्राप्त कक्षा | प्रिन्सिपलको नाम,थर | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | १९०६४००६१ | शिवज्ञान इग्लिस बो. स्कुल | २ | २ | अमरेन्द्र राय | ९८४५२६५२८४ |
| २ | १९०६४००६० | जय मां काली एकेडेमी | २ | ३ | राम पुजन साह | ९८०४८९५५०१ |
| ३ | १९०६४००६४ | मनलक्ष्मी इग्लिस बो. स्कुल | ४ | १० | | |
| ४ | १९०६४००५२ | रोज गार्डेन इग्लिस बो. स्कुल | ३ | ४ | रवि कुमार राय | ९८४४४४४८५७ |
| ५ | १९०६४००६७ | माउण्ट एभरेष्ट इग्लिस बो. स्कुल | ३ | ४ | चन्द्रकिशोर साह | ९८४४०३२१५४ |
| ६ | १९०६४००६८ | गड गिफ्ट अंग्रेजी आवासीय विद्यालय | ३ | १० | राजनारायण राय | ०४६- ५२०९६३ |
| ७ | १९०६४००४७ | मलंगवा विद्यासागर अंग्रेजी आवासीय विद्यालय | ४ | ६ | अखलेश्वर राय यादव | ९८०७८१६१०५ |
| ८ | १९०६४००४१ | मलंगवा ग्रीन ल्याण्ड अंग्रेजी आवासीय माध्यमिक विद्यालय | ५ | १२ | कृपानाथ झा | ९८४४०३३२७४ |
| ९ | १९०६४००४० | आर.आर.स्योर सक्सेस इग्लिस बो. स्कुल | ५ | १० | रविन्द्र प्रसाद यादव | ९८५४०३६५३१ |
| १० | १९०६४००५० | साउथ प्वाइन्ट अंग्रेजी आवासीय विद्यालय | ५ | १२ | विरेन्द्र कुमार सिंह | ९८४४०९६६२८ |
| ११ | १९०६४००५३ | गणेश बुदि इग्लिस बो. स्कुल | ७ | २ | अन्यपुर्णारञ्जितकार | ९८४४०२८४१० |
| १२ | १९०६४००३७ | पदमरत्न विद्या मन्दिर सेकेन्डरी बो.स्कुल | ८ | १२ | पुष्प रञ्जितकार | ९८५४०३५९८७ |
| १३ | १९०६४००४२ | जेसिज इ बो स्कूल मलंगवा | ८ | १२ | भोला भट्ट | ९८४५२६८२२५ |
| १४ | १९०६४००३९ | एपेक्स एकेडेमी | ८ | १२ | सुरेश कुमार साह | ९८५४०३६२९५ |
| १५ | १९०६४००४८ | टडर्लस अंग्रेजी आवासीय विद्यालय | ८ | ८ | रजत थापा | ९८१७८८५७३२ |
| १६ | १९०६४००५९ | सेन्ट ग्रेब्रियर्स बो. स्कुल | ८ | ८ | एन्थनी गोम्स | ९८४४२२३५५८ |
| १७ | १९०६४००३८ | ज्ञानोदय आवासीय माध्यमिक विद्यालय | ९ | १२ | विश्वनाथ कायस्त | ९८१६८०१०२० |
| १८ | १९०६४००४९ | महासुनर सनराइज एकेडेमी सेकेन्डरी स्कुल | ९ | १२ | उदय कुमार मिश्र | ९८४४२२४५५५ |
| १९ | १९०६४००५८ | ब्राइट फ्युचर इग्लिस बो. स्कुल | ९ | ८ | ञ१२३, | ९८१६८०१०९९ |
| २० | १९०६४००६२ | निर्भाणा इग्लिस बो. स्कुल | १० | १० | रमेश कुमार लाल | ९८६९८९३२८५ |
| २१ | १९०६४००५४ | शिवम इग्लिस बो. स्कुल | १० | ६ | शत्रुधन प्रसाद साह | ९८०३६४८४७० |
| २२ | १९०६४००४३ | ज्ञानकुञ्ज आवासीय माध्यमिक विद्यालय | १० | १२ | सुर्यकान्त प्रसाद यादव | ९८५४०३६९८० |
| २३ | १९०६४००४५ | मोडेल सेकेन्डरी इग्लिस बो. स्कुल | १० | १० | तेज नारायण यादव | ९८४४२६२७२२ |
| २४ | १९०६४००४६ | सगरमाथा आवासीय आधारभुत विद्यालय | १० | ८ | तिलक क्षेत्री | ९८४४०३२४११ |
| २५ | १९०६४००५१ | अक्सफोर्ड एकेडेमी | १० | ४ | रमेश राय | ९८०१६१५४६३ |
| २६ | १९०५३०००९ | ब्लू स्काइ एकेडेमी खूटौना | ६ | ३ | रामाधार राय | ९८६४२०३८६३ |
| २७ | १९०१६०००६ | गूडलक इ बो स्कूल मलंगवा ५,भाडसर | ५ | ७ | जय कृष्ण महतो | ९८६०७५४५११ |
| २८ | १९०३३००१२ | ए एन टी बोर्डिङ स्कूल गम्हरिया | ११ | ९ | अहमद मिकरानी | ९८०८३१५५०५ |
| २९ | १९०६४००५३ | एप्पल एकेडमी मलंगवा ९, सर्लाही | ९ | २ | प्रविणा कूमारी | ९८४४३२५६३८ |
| ३० | | शिवगंगा इ बो स्कूल खूटौना | ६ | १ | राम इश्वर साह | ९८२५८३१५८४ |
| ३१ | १९०६४००५६ | एस एम चाइल्ड केयर मलंगवा ९,सर्लाही | ९ | १ | बद्री प्रसाद साह | ९८४४१५०९९५ |

त्यसैगरी १ विद्यालयमा इन्जिनियरिङ्ग तर्फ पब्लिक मा.वि.मा प्राविधिक कक्षा संचालनमा रहेको छ। त्यसैगरी जनगणना **२०६८ अनुसारको** पालिकाको साक्षरता प्रतिशत तपसील बमोजिम रहेको छ।

५ बर्ष माथिको साक्षरता को अवस्था

| | | |
|---|---|---|
| पुरुष | जम्मा पाँच वर्ष माथि | ७८२९ |
| | पढ्न लेख्न सक्ने साक्षर | ६३४५ |
| | साक्षरता प्रतिशत | ८१.०४ |
| | पढ्न मात्र सक्ने | १२५ |
| | पढ्न लेख्न नसक्ने | १३५७ |
| | उल्लेख नभएको | ५ |
| महिला | जम्मा पाँच वर्ष माथि | ९६१९ |
| | पढ्न लेख्न सक्ने साक्षर | ६५३३ |
| | साक्षरता प्रतिशत | ६७.९२ |
| | पढ्न मात्र सक्ने | १९८ |
| | पढ्न लेख्न नसक्ने | २८८७ |
| | उल्लेख नभएको | ८ |
| जम्मा | जम्मा पाँच वर्ष माथि | १७४४८ |
| | पढ्न लेख्न सक्ने साक्षर | १२८७८ |
| | साक्षरता प्रतिशत | ७३.८१ |
| | पढ्न मात्र सक्ने | ३२३ |
| | पढ्न लेख्न नसक्ने | ४२४४ |
| | उल्लेख नभएको | २३ |

स्रोत : जनगणना २०६८, तथ्यांकीय रुपरेखा

# परिच्छेद २

# नगर शिक्षा योजनाको परिचय

## २.१. नगर शिक्षा योजना के हो ?

बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा दस्तावेजहरुमा शिक्षालाई मानिसको नैसर्गिक अधिकार रुपमा उल्लेख गरेको पाइन्छ । नेपालको परिवर्तित संघीय राज्य प्रणाली अनुसार विगतमा केन्द्रीय सरकारमा रहेका धेरै अधिकारहरु प्रदेश र स्थानीय तहमा प्रत्यायोजन गरेका छ । नेपालको संविधान २०७२ लगायतका कानुनी दस्तावेजले समेत आधारभूत र माध्यामिक शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र सूचीकृत गरेकोले संविधान प्रदत्त मौलिक हकलाई सुनिश्चित गर्दै शिक्षा गुणस्तर अभिवृद्धि गर्न नगर शिक्षा योजना तयार गरिएको छ । यस नगरपालिकाको परिवेशमा शिक्षा क्षेत्रमा भएको सुधार गर्नुपर्ने कुराहरुलाई उपलब्ध स्रोत साधन प्रयोग गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न प्रस्तावित रणनीति तथा कार्यक्रमहरुको योजनाबद्ध अभिलेख नै मलंगवा नगरपालिकाको शिक्षा योजना हो ।

## २.२. नीतिगत व्यवस्थाहरु

शिक्षा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धि जस्ता अन्तराष्ट्रिय दस्तावेजहरुले सुनिश्चितता गरेको मानव अधिकार हो । सन १९९० मा जोमटिनमा भएको शिक्षा मंचको बैठकले सन २००० सम्म सबैको लागि शिक्षा दिने व्यवस्था गरेतापनि उक्त लक्ष्य पुरा हुने नदेखिएपछि सन २००० को अप्रिलमा सेनेगलको डकारमा भएको बैठकमा प्रत्येक राष्ट्रले आफ्नो सबै नागरिकहरुलाई सन २०१५ सम्ममा शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएका थिए । विश्व शिक्षा मञ्चको इन्चोन घोषणा र यसले जारी गरेको सन् २०३० सम्ममा विश्वव्यापी शिक्षाको घोषणा, सन् २०१५ मा नेपाल सरकारले संयुक्त राष्ट्र संघको महासभामा प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य लगाएतका अन्तर्राष्ट्रिय मञ्चहरुमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिवद्धताहरु व्यक्त गरिएको छ ।

नेपालको परिवर्तित संघीय राज्य प्रणाली अनुसार विगतमा केन्द्रीय सरकारमा रहेका धैरे अधिकारहरु प्रदेश र स्थानीय तहमा प्रत्यायोजन गरेको छ । नेपालको संविधानले प्रारम्भिक बालबिकास सहितको शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ । साथै संविधानले आधारभूत र माध्यामिक शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र सूचीकृत गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, नि:शूल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन २०७५ लगायतका कानूनी दस्तावेजले पनि आधारभूत र माध्यामिक शिक्षाको अधिकार क्षेत्रलाई स्पष्ट रुपमा स्थानीय सरकारको अधिकार क्षेत्रमा उल्लेख गरेको पाइन्छ । सोही अनुसार शिक्षा पाउँने संविधान प्रदत्त मौलिक हकलाई सुनिश्चित गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, **मलंगवा नगरपालिको नगर शिक्षा अनुगमन तथा निगमन विधि २०७५** ले दिएको अधिकार प्रयोग गरी यो नगर शिक्षा योजना तयार गरिएको छ ।

२.३.१ **कानुनी व्यवस्था** : नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धि मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु र प्राथमिकताका क्षेत्रहरु उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको **भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धि धारा ३१ मा शिक्षा सम्बन्धि ५ वटा** मौलिक हकको सुनिश्चितता गरिएको छ । ती मौलिक हकहरु निम्न छन् :-

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

३. अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धि अपाङ्ग भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निः:शुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

६. यसै गरी धारा ३८ मा महिलाको हक सम्बन्धित उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धि उपधारा (२), (३), (७) र (९), दलितको हक सम्बन्धि धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धि धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धि विशेष व्यवस्था गरिएको छ ।

७. यसै गरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धि धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धि नीतिहरुमा शिक्षा सम्बन्धि ४ वटा प्रमुख नीतिहरुलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ ।

८. नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धि धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र नगर वा गाउँसभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा अन्य संवैधानिक निकायहरुका साथै शिक्षासंग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **(ज) ११ मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवम् सञ्चालनको अधिकार** प्रदान गरिएको छ ।

## २.३ नगर शिक्षा योजना निमार्ण प्रक्रिया

माथि उल्लेखित नीतिगत व्यवस्था र नेपालको संघीय शासन प्रणाली अनुसार स्थानीय सरकारको कार्यक्षेत्र र अधिकारलाई प्रयोग गर्दै यस नगरपालिका भित्र शिक्षा क्षेत्रलाई योजनाबद्ध बनाउँन नगर शिक्षा समितिमा विभिन्न समयमा व्यापक छलफल भएको थियो । सोही अनुसार मलगवा नगरपालिको नगर शिक्षा समितिका **संयोजक** तथा नगर प्रमुखको अध्यक्षतामा नगर शिक्षा समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, प्याप्सनका प्रतिनिधि, प्रधानाध्यापकहरु, शिक्षा क्षेत्रमा कार्यरत संघ संस्था, नगरपालिकाका कर्मचारीहरु लगायत अन्य सरोकारवालाहरुको सहभागितामा एक दिने कार्यशालाको आयोजना गरिएको थियो । उक्त कार्यशालामा नगर शिक्षा योजनामा समावेश गरिनुपर्ने विषयवस्तु माथि छलफल गरी सुझावहरु संकलन गरिएको थियो । नगर शिक्षा योजना तयार गर्नको लागि मलंगवा नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाका शिक्षा **प्रमुख प्रमोद मंडलको संयोजकत्वमा ४ सदस्यीय कार्यदल गठन** गरिएको थियो । गठित कार्यदलले नगर शिक्षा योजना निमार्ण सम्बन्धी कार्याशालामा प्राप्त सुझाव, विभिन्न मितिमा नगरपालिका स्तरीय विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट प्राप्त सुझावहरुलाई पनि यो शिक्षा योजनामा समावेश गरिएको छ । नगर शिक्षा योजनाको अपेक्षित उपलब्धिहरु तथा सूचकहरुलाई मापनयोग्य बनाउँन नगरपालिकामा भएका शैक्षिक तथ्यांकहरुलाई विश्लेषण गरी सोही बमोजिम अपेक्षित उपलब्धिहरुको निर्धारण गरिएको छ । प्रारम्भिक रुपमा तयार भएको खाकालाई शिक्षा क्षेत्रमा कार्यरत विषय विज्ञहरु, जनप्रतिनिधिहरु र अन्य सरोकारवालाहरुसँग समेत अनौपचारिक तथा औपचारिक रुपमा छलफल पश्चात प्राप्त सुझावहरुलाई समेटी नगर शिक्षा समितिको बैठकमा सुझावको लागि पेश गरियो । उक्त वैठकमा प्राप्त पृष्ठपोषणहरु समावेस गरी नगर कार्यपालिकामा छलफल तथा निर्णयको लागि सिफारिस गरियो ।

# परिच्छेद ३

## लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरु

### ३.१ दूरदृष्टि

गुणस्तरीय शिक्षा प्राप्त गर्ने मौलिक हकको सुनिश्चितता गर्दै नागरिकहरुमा अन्तर्निहित सामर्थ्य र व्यक्तित्व विकासको संभावनालाई औपचारिक, अनौपचारिक र निरन्तर शिक्षाको अवसर मार्फत प्रष्फुटन गराउन योजनाबद्ध र सस्थागत मार्गदर्शन प्रदान गर्नु यस नगर शिक्षा योजनाको दूरदृष्टि हुनेछ ।

### ३.२ योजनाको लक्ष्य

सबैलाई औपचारिक र जीवनपर्यन्त जीवनोपयोगी शिक्षाका अवसरहरू प्रदान गर्दै गुणस्तरिय जीवनयापन गर्न आवश्यक साक्षरता, गणितीय सीप, प्राविधिक ज्ञान तथा व्यावसायिक सीप हासिल गराउँने शैक्षिक प्रणाली विकास गर्ने ।

### ३.३ योजनाको उद्देश्यहरु

यस शिक्षा योजनाका माथि उल्लेखित लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् ।

क) शिक्षालाई सर्वसुलभ गराई शैक्षिक अवसरमा अभिवृद्धि गर्दै सवैलाई गुणस्तरीय शिक्षाको पहुँचमा पुयाउने ।

ख) विद्यार्थीहरुको उपस्थितिदरमा वृद्धि ल्याई कक्षा दोहोयाउँने र कक्षा छाड्नेदरलाई न्यूनीकरण गर्ने ।

ग) आधारभूत तह अनिवार्य र निःशूल्क र माध्यामिक तह निःशूल्क गराउँने राज्यको नीतिगत व्यवस्थाको सुनिश्चित गर्ने।

घ) अपाङ्गता भएका, पछाडि पारिएका, सीमान्तकृत वालवालिकाहरूको लागि समावेशी गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता गर्ने ।

ङ) सूचना प्रविधिको माध्यमबाट कक्षाकोठाको सिकाइलाई सहजीकरण गर्ने र विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्ने ।

च) नागरिकको आवश्यकता अनुकूल, गुणस्तरीय, सीपमूलक र रोजगारमुखी शिक्षाको अवसर प्रदान गर्ने

छ) नगरपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहितामा सुधार गर्ने ।

ज) गुणस्तरीय सिकाई वातावरण तयार गर्दै सुरक्षित भौतिक पूर्वाधारहरुको बिकास गर्ने।

झ) व्यवहारिक नैतिक शिक्षामा जोड दिई सुसंस्कृत, सामाजिक संस्कारमुखी समृद्ध समाज निर्माणमा जोड दिने ।

## ३.४ नगर शिक्षा योजनाका कार्य सम्पादन शैक्षिक सूचकहरु :

| क्र.सं. | सूचकहरु | आधार रेखा | लक्ष्य | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | **आधारभूत तह** | | **२०७८** | **२०८२** | **२०८७** | |
| १. | प्रारम्भिक बाल शिक्षामा खुद भर्ना दर | ७५% | ७८% | ८५% | ९९% | |
| २. | प्रारम्भिक बाल शिक्षामा एक महिने तालिम प्राप्त सहजकर्ता/शिक्षकको प्रतिशत | ९२% | ९५% | ९८% | ९९% | |
| ३. | प्रारम्भिक बाल शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रदेशीको प्रतिशत | ६८% | ७०% | ७२% | ९४% | |
| ४. | कुल भर्ना दर आधारभुत तह (कक्षा १–८) | ९०% | ९२% | ९५% | १००% | |
| ५. | खुद भर्ना दर आधारभुत तह (कक्षा १–८) | ८९०% | ९०% | १००% | १००% | |
| ६. | आधारभुत तहमा टिकाउ दर (कक्षा १–८) | ९२% | ९३% | ९४% | ९५% | |
| ७. | आधारभुत तहको उतीर्ण प्रतिशत (कक्षा १–८) | ८७% | ८८% | ९०% | ९२% | |
| ८. | आधारभुत तहको विद्यालय छोड्ने दर | ८% | ७% | ६% | ५% | |
| ९. | कक्षा ५ मा विद्यार्थीको सिकाई उपलब्धिको औषत प्राप्तांक प्रतिशत | ५८.५ | ६० | ६२ | ६४ | |
| १०. | कक्षा १–५ मा विद्यार्थीको सिकाई उपलब्धिको औषत प्राप्तांक | ६० | ६८ | ७५ | ८६ | |
| ११. | कक्षा ८ मा विद्यार्थीको सिकाई उपलब्धिको औषत जी.पी.ए. | २.५२ | २.६ | २.७ | ३.६ | |
| १२. | कक्षा १० मा विद्यार्थीको सिकाई उपलब्धिको औषत जी.पी.ए. | २.७१ | २.८ | ३.२ | ३.८८ | |
| १३. | विद्यार्थीहरुको औषत उपस्थिति दर | ८०% | ८५% | ८८% | ९०% | |
| | **माध्यमिक तह** | | | | | |
| १४ | टिकाउ दर (कक्षा ९–१०) | ८८% | ९०% | ९२% | ९४% | |
| १५. | विद्यालय छाड्ने दर (कक्षा ९–१०) | १२% | १०% | ८% | १% | |
| १६. | विद्यार्थीहरुको औषत उपस्थिति दर (कक्षा ९–१०) | ८५% | ८८% | ९०% | ९२% | |
| १७. | नमूना विद्यालयहरुको संख्या | ० | १ | ३ | ५ | |
| १८. | प्राविधिक तथा व्यवसायिक धार अध्ययन हुने विद्यालयको संख्या | १ | ३ | ४ | ५ | |
| | **जीवनपर्यन्त सिकाई सम्बन्धित** | | | | | |
| १९. | ६ वर्ष माथिको साक्षरता दर | ९८.३४ | ९८.४ | ९८.५ | ९९ | |
| २०. | सामुदायिक पुस्तकालयहरुको संख्या | २ | ५ | १० | १५ | |

# परिच्छेद ४

# मुख्य समस्याहरु, आवश्यकताको पहिचान तथा लक्ष्य निर्धारण

## ४.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरु

सबै तहका शिक्षामा कक्षा छाड्ने र दोहोऱ्याउनेको संख्या अझै बढी हुनु, कक्षा उतीर्ण दर कम हुनु, शिक्षक व्यवस्थापनमा समस्या रहनु, सामुदायिक विद्यालय शिक्षामा गुणस्तरमा अपेक्षित सुधार नहुनु, संस्थागत विद्यालयको नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको पहुँच र गुणस्तर कमजोर रहनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । ***उल्लेखित समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :***

क) नगरपालिका भित्र गुणस्तरीय शिक्षाको मापदण्ड तयार हुन नसक्नु ।

ख) तालिमबाट सिकेका व्यवहारिक सीप कक्षाकोठामा प्रयोग गर्ने परिपाटीको अभाव ।

ग) विद्यालयमा आवश्यक सिकाई मैत्री वातावरण र पर्याप्त भौतिक पूर्वाधारको अभाव ।

घ) अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुमा सामूहिक प्रतिबद्धताको कमी ।

ङ) पर्याप्त शिक्षक दरबन्दी उपलब्ध नभएको अधिकांश सामुदायिक विद्यालयहरु नीजि स्रोतका शिक्षकहरुबाट सञ्चालन भैरहेको ।

च) सबै सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजना निर्माण नहुनु तथा यसको प्रभावकारी कार्यान्वयन नहुनु ।

छ) विद्यालयहरुको विकासमा सरोकारवालाहरुको सहभागीतामा कमी ।

ज) शिक्षकहरुको कार्यकुशलताको आधारमा मूल्यांकन सहित पुरस्कार र दण्ड गर्ने परिपाटी संस्थागत नहुनु ।

झ) अभिभावकहरुमा जिम्मेवारी बोधको भावना कम हुनु र विद्यालय व्यवस्थापनमा सहभागिताको कमी ।

ञ) बालमैत्री र बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा अपेक्षित सुधार नभएको ।

ट) विशेष आवश्यकता पर्ने बालबालिकाहरुका लागि विशेष विद्यालयको कमी ।

ठ) कक्षाकोठामा बिताउने समयको पूर्ण रुपमा उपयोग नहुनु ।

ड) शिक्षण योजना र सिकाई सामग्रीहरुको अपेक्षित प्रयोग नहुनु ।

ढ) विद्यार्थीहरुको उपस्थिति दर अपेक्षित रुपमा वृद्धि हुन नसक्नु ।

ण) कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरमा अपेक्षित रुपमा सुधार हुन नसक्नु ।

## ४.२ आवश्यकताको पहिचान तथा लक्ष्य निर्धारण

नगरपालिका भित्र शिक्षाको पहुँच र गुणस्तर सुनिश्चितताका लागि निम्नानुसारको आवश्यकता पहिचान गरिएको छ ।

### ४.२.१ पहुँच वृद्धिका लागि नयाँ खोल्नुपर्ने तथा तह र कक्षा थप गर्नुपर्ने विद्यालय विवरण

| क्र.सं. | विवरण | आवश्यक संख्या | स्थान | लक्ष्य निर्धारण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०८२ | २०८७ | |
| १. | बालशिक्षण केन्द्र | ४ | | १ | २ | १ | |
| २. | प्राथमिक विद्यालय | २ | २ | १ | १ | | |
| ३. | आधारभुत विद्यालय | ४ | ४ | २ | १ | १ | |
| ४. | माध्यमिक विद्यालय | ३ | ३ | १ | १ | १ | |
| ५. | तह थप | | | | | | |
| ६. | कक्षा थप | १० | १० | ५ | २ | | |
| ७. | वैकल्पिक विद्यालय | ४ | ४ | २ | २ | | |

### ४.२.२ नगरपालिका भित्र मर्मत गर्नुपर्ने वा नयाँ निर्माण गर्नुपर्ने भौतिक सुविधाहरुका विवरण :

| क्र.सं. | विवरण | आवश्यक संख्या | लक्ष्य निर्धारण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०८२ | २०८७ | |
| १. | नयाँ निर्माण गर्नुपर्ने विद्यालय भवनको कक्षाकोठा संख्या | २० | ५ | ७ | ८ | |
| २. | मर्मत गर्नुपर्ने कक्षाकोठा संख्या | ४४ | १५ | १३ | १६ | |
| ३. | घेरावार लगाउनुपर्ने विद्यालय संख्या | १२ | ४ | ४ | ४ | |
| ४. | शौचालय निर्माण गर्नुपर्ने संख्या | १२ | ८ | २ | २ | |
| ५. | शौचालय मर्मत गर्नुपर्ने संख्या | १४ | ८ | ३ | ४ | |
| ६. | खानेपानी व्यवस्था गर्नुपर्ने | १० | ५ | ३ | २ | |
| ७. | खेलमैदान व्यवस्थापन गर्नुपर्ने | १० | २ | ३ | ५ | |
| ८. | पुस्तकालय | ६ | ३ | २ | १ | |
| ९. | कम्प्यूटर ल्याव | १० | ५ | ३ | २ | |
| १०. | विज्ञान प्रयोगशाला | ८ | ४ | २ | २ | |
| ११. | भुई बसाई व्यवस्थापन | १५ | ५ | ५ | ५ | |

### ४.२.३ आवश्यक शिक्षाक दरबन्दी बिवरण

| क.स | विवरण | आवश्यक संख्या | स्थान | लक्ष्य निर्धारण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | ०७८।७९ | ०८१।८२ | ०८६।८७ | |
| १. | बालशिक्षा केन्द्र | | | | | | |
| २. | प्राथमिक विद्यालय | | | | | | |
| ३. | आधारभूत विद्यालय | ३० | विद्यालयमा | १० | १५ | ५ | |
| ४. | माध्यमिक विद्यालय (९-१०) | ३० | | १५ | १० | ५ | |
| ५. | माध्यमिक विद्यालय (११-१२) | २० | | ८ | ७ | ५ | |
| ६. | बैकल्पिक विद्यालय | | | | | | |

### ४.२.४ निरक्षर उन्मूलका लागि आवश्यक पर्ने अनौपचारीक शिक्षा कार्यक्रम

| क.स. | कार्यक्रमको नाम | आवश्यक कोटा | संचालन गर्ने वडा | साक्षर गराउनु पर्ने संख्या |
|---|---|---|---|---|
| १. | सामुदायिक सिकाई केन्द्र | २ | ९, १२ | |
| २. | बैकल्पिक विद्यालय | २ | ३, ११ | |
| ३. | निरन्तर शिक्षा सिकाई कक्षाहरु | ५ | ६, ७, ९,११, १२ | |

# परिच्छेद ४

## कार्यनीति, योजना र कार्यक्रमहरु

### ५.१ मुख्य कार्यनीतिहरु

मलंगवा नगरपालिकाले नेपालको संविधान २०७२, स्थानीय सरकार संचालनका ऐन, २०७४ र मलंगवा नगरपालिकाको शिक्षा ऐन २०७४ मा उल्लेखित नीतिगत व्यवस्थालाई कार्यन्वयनको सुनिश्चिताको लागि निम्नानुसारको मुख्य कार्यनीतिहरु तय गरेको छ ।

१. सबै नागरिकलाई प्रारम्भिक बाल बिकास सहितको आधारभूत शिक्षाको हक सुनिश्चित गरिनुका साथै सबै बालबालिकाका लागी आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउने ।

२. दलित समुदायका बालबालिका, अपाङ्गता भएका बालबालिका र आर्थिक रुपले विपन्न बालबालिकालाई आधारभूत तह देखि शिक्षासम्मको शिक्षा निःशुल्क गरिनेछ । दृष्टिविहिनलाई ब्रेल लिपि तथा बहिरालाई सांकेतिक भाषामा निशुल्क शिक्षाको लागी नगरपालिका तथा जिल्ला भित्रकै स्रोत कक्षाहरुमा व्यवस्थापन गरि शिक्षाको हकको सुनिश्चितता गर्ने ।

३. नगरपालिका स्तरमा निर्माण गरिने नीति, नियम, योजना र बालबालिकासँग सम्बन्धित विभिन्न कार्यक्रमहरुमा बालसहभागिताको सुनिश्चितता गरि बालअधिकारको संरक्षण र प्रर्वद्धन गरिनेछ ।

४. बैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं नैतिक, जनमूखी शिक्षा मार्फत सृजनशिल, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति तयार गर्ने ।

५. नीजि क्षेत्रको लगानीमा खुलेका विद्यालयहरुलाइ प्रभावकारी नियम र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

६. नगरपालिकामा गुणस्तरीय शिक्षाको मौलिक कार्यढाँचा तयार पारी त्यसको प्रभावकारी अनुगमन गरी शिक्षामा गुणस्तरीयता सुनिश्चित गर्ने ।

७. विद्यालयमा सुरक्षित, संरक्षित र सिकाई सहयोगी वातावरण निर्माणका लागी बृहत विद्यालय सुरक्षा ढाँचा, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र बालमैत्री विद्यालयको अवधारणलाई व्यवहारिक कार्यन्वयन गर्ने ।

८. निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारीहरुसँग सहकार्यबाट प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमका अवसरहरु विस्तार गर्ने ।

९. विद्यार्थीको सिकाई अभिबृद्धिका लागी निरन्तर मूल्यांकन पद्धति, बालशिक्षा केन्द्रमा प्रारम्भिक साक्षरता र गणित तथा प्रारम्भिक कक्षामा पढाइ सीप विकास कार्यक्रमलाई सुदृढीकरण गर्ने

१०. नगर क्षेत्रभित्रका संस्थागत विद्यालयहरुमा पाठयपुस्तकहरुमा एकरुपता कायम गर्ने

## ५.२ क्षेत्रगत कार्यक्रम रणनीति तथा अपेक्षित उपलब्धिहरु :

| क्र.स. | क्षेत्र | उद्देश्य | अपेक्षित उपलब्धि | रणनीतिहरु | कार्यक्रमहरु | समस्या/चुनौतीहरु | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालशिक्षा केन्द्र कार्यक्रम | ४ वर्ष उमेरका बालबालिका का लागि आधारभूत शिक्षाको तयारीका निम्ति बालबिकास सेवामा पहुँच बढाउने । | • ८५ प्रतिशत बालबालिका बालविकास शिक्षाको अनुभव हासिल गरि कक्षा एकमा प्रवेश गरेको हुने ।<br>• सबै सहजकर्ताहरु तालिम प्राप्त हुने ।<br>• बाल शिक्षा केन्द्रहरुले न्युनतम मापदण्ड पूरा गरेको । | • विद्यालयमा आधारित बालबिकासमा जोड<br>• अभिभावक सचेतना सहभागितामा<br>• गैर सरकारी निकायहरुसँग को सहकार्य<br>बालशिक्षा केन्द्र पछिल्ला तीन महिना प्रारम्भिक साक्षरता र गणित सीप विकासमा जोड दिने । | • सहजकर्ताहरुको क्षमता अभिबृद्धि<br>• अभिभावकहरु लाई सचेतना मुलक कार्यक्रम<br>• सन्दर्भ सामाग्रीको व्यवस्था र प्रयोग<br>• कार्यपुस्तिकाहरूको विकास, छपाई तथा वितरण<br>• बालबिकास सहजकर्ताहरुको समिक्षा बैठक<br>• शक्षक तथा वद्यार्थीको निय मतता अनुगमन गर्न प्रधानाध्यापक, वद्यालय व्यवस्थापन स मति र शक्षक अ भभावक संघको क्षमता वकास<br>• वद्यालय र सरोकारवालाहरुबीच त्रैमा सक स मक्षात्मक बैठक<br>• एकीकृत शै क्षक व्यवस्थापन र सुचना प्रणाली (IEMIS) अद्याव धक, वश्लेषण र छलफल<br>• उत्कृष्ट वद्यालयहरुमा अध्ययन भ्रमण<br>• | | • २० लाख |
| २ | आधारभुत तहको शिक्षा | गुणस्तरीयाआधारभुत शिक्षामा ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुको | • आधारभुत तह खुद भर्ना दर १०० प्रशित पुगेको<br>• अपाङगता भएका | • अपांगता भएका, दलित, पिछडिएका समुदायका बालबालिकालाई थप शैक्षिक | • निशुल्क पाठ्यपुस्क तथा छात्रावृत वितरण<br>• विद्यालय भवन, | | • ५ लाख |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | समतामुलक पहुँच र तह अनुसारको सिकाइ उपलबिध सुनिश्चितता गर्ने | विद्यार्थीको आवश्यकता अनुसारका स्रोतकक्षाहरुको सुधार भएका<br>● विद्यालयको औषत सिकाई उपलबिधमा सुधार भएको | सहयोग<br>● विद्यालय भर्ना भएका सबै बालबालिकाहरुलाई नियमितता र टिकाउमा योजनाहरु बनाई कार्यन्वयन गर्ने ।<br>● विद्यालय स्वास्थ्य र पोषण कार्यक्रमको प्रभावकारी कार्यन्वयन<br>● बालमैत्री र बिधार्थी केन्द्रित शिक्षण विधिको अवलम्बन गर्ने ।<br>● कक्षा १ देखी ३ सम्म प्रारम्भिक कक्षा पठन सीप विकास कार्यक्रमको सुढिकरण गर्ने | शौचालय, खानेपानी, फर्निचर र अन्य सिकाई साम्रागीको व्यवस्था<br>● प्रारम्भिक पठन सिप सिप विकास कार्यक्रम र निरन्तर विद्यार्थी मूल्याँकनको सुढीकरण<br>● प्रारम्भिक पठन सीप विकास सम्बन्धि कार्यपुस्तीकाहरुको छपाई तथा वितरण<br>● विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम<br>● विद्यालय पहुँचमा पुग्न कठिन भएका, विपन्न र असाहाय बालबालिकाको लागी आवासको व्यवस्था गर्ने । | | |
| ३ | माध्यमिक शिक्षा | प्राविधिक तथा व्यवसायीक शिक्षा मार्फत विद्यार्थीको आधारभुत सीप प्राप्तिको सुनिश्चित गरी उच्च शिक्षा हासिल गर्न सहयोग गर्नु । | ● विद्यालय विद्यालयहरुमा न्यूनतम आवश्यक पूर्वाधारहरुको उपलब्धता भएको<br>● प्राविधिक तथा व्यवसायीक धार अध्ययन हुने विद्यालयको संख्या ५ पुगेको ।<br>● अंग्रेजी, गणित र विज्ञान विषयको नतिजामा सुधार भएको । | ● प्रविधिक तथा व्यवसायीक धारलाई सुढिकरण गर्ने<br>● शिक्षा क्षेत्रमा भएका न्यूनतम शिक्षण विधि तथा प्रविधिहरुलाई शिक्षन सिकाई क्रियाकलापसँग क्रमश लागू गर्दै जाने<br>● अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरुको | ● प्राविधिक तथा व्यवसायीक धार अध्ययन गर्ने विद्यालयहरुलाई सहयोग<br>● प्राविधिक तथा व्यवसायिक शिक्षामा छात्रबृतिको व्यवस्था<br>● अंग्रेजी, गणित र विज्ञान विषय शिक्षण तालिम<br>● प्रयोगात्मक शिक्षण विधिमा जोड | ● गणित, अंग्रेजी तथा विज्ञान विषयमा दक्ष शिक्षकको अभाव तथा कमजोर नतीजा<br>● कम्प्यूटर ल्याव, पुस्तकालय तथा विज्ञान प्रयोगशाला प्रर्याप्त नहुनु । | ● ८ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षमता अभिबृद्धि गर्ने ।<br>• निजि क्षेत्रसँग सहकार्य गरी प्राविधिक तथा व्यवसायीक जनशक्ति उत्पादन गर्ने । | | | |
| ४ | बैकल्पिक तथा जीवन पर्यन्त शिक्षा | युवा र प्रौढहरुको पढने, सिक्ने बानीमा सुधार गर्दै औपचारीक शिक्षामा पहुँच पर्याउने | • निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरुमा पहुँच बृद्धि भएको<br>• बैकल्पिक शिक्षाबाट औपचारीक शिक्षामा पहँच भएको | • जीवन पर्यन्त सिकाई कार्यक्रमहरुको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारीक शिक्षाबाट औपचारीक शिक्षामा प्रवेश गराउने | • आवशयक स्थानमा बैकल्पिक कक्षा संचालन गर्ने<br>• समुदाय स्तरमा समुदायिक अध्ययन केन्द्र तथा पुस्तकालय स्थापना गर्ने<br>• समुदायिक अध्ययन केन्द्र सहजकताहरुको क्षमता अभिबृद्धि गर्ने ।<br>• खाली तथा प्रयोग बिहिन सामुदायीक भवनहरुलाई पुस्तकालयहरुको रुपमा बिकास गर्ने । | • पर्याप्त सामुदायीक पुस्तकालयहरुको अभाव | • ७ लाख |
| ५. | विद्यार्थी नियमितता र टिकाउ सम्बन्धि | सबै बालबालिकाहरुको तह अनुसारको सिकाई उपलब्धि व्यवहार परिवर्तन भएको सुनिश्चितता गर्ने | • विद्यार्थीहरुको औषत उपस्थिति दर ९०% पुगेको<br>• विद्यार्थी हो । टिकाउ दर ९३% पुगेको । | विद्यालय सुधार योजनामा विद्यार्थीहरुको औषत उपस्थिति दर को निर्धारण गर्ने र तयसको प्रगति समीक्षा विद्यालय व्यवस्थापन समितिको बैठकमा गर्ने<br>• विद्यालय भर्ना भएका विद्यार्थी विद्यालय नपठाउने अभिभावकहरुलाई नगरपालिका तथा वडा कार्यालयबाट समेत सचेत गराउने । | • विद्यालय सुधार योजना तर्जुमा तथा अद्यावधिक<br>• विद्यालय दिवा खाजा कार्यक्रमको सुढिकरण<br>• निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीको प्रभावकारी रुपमा कार्यन्वयन<br>• शिक्षण सिकाइ वातावरणलाइ बालमैत्री बनाउने<br>• बालक्लवहरुको गठन र कियाशिलता बढाउने | • विशेषता : अपांगता भएका , सिमान्तकृत पिछडिएका तथा विपन्न समुदायका बालबालिकाहरुलाई नियमित विद्यालय उपस्थिति हुने र टिकाउन समस्या | • १० लाख |
| ६ | शिक्षाको गुणस्तर | | • प्रत्येक वडामा एक नमुना विद्यालय | • विद्यालयमा भएका राम्रा अभ्यासको | • विद्यालयमा विपद जोखिम न्यूनिकरण शिक्षा | • प्रयाप्त भौतिक सुविधाहरु जस्तै | • १० लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिबृद्धि | | बनेको हुने<br>• नगरपाकिाको बजेटमा शिक्षा क्षेत्रको लगानीमा बृद्धि भएको<br>• विद्यार्थीको सिकाई उपलबिधमा सुधार भएको । | अभिलेखीकरण गर्दै अन्य विवद्यालयहरुमा स्थानान्तर गर्दै जाने<br>• विद्यालयका पूर्वाधारहरुमा सुधार गर्नका लागी शिक्षा क्षेत्रमा समतामूलक लगानी बढाउने<br>• शिक्षकहरुको क्षमता अभिबृद्धि गरी प्राप्त सीपहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने वातावरण तयार गर्ने ।<br>• सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाबिचको गुणस्तरमा रहेको अन्तर घटाउने ।<br>• शिक्षाहरुको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गर्ने | • अतिरिक्त क्रियाकलापहरु संचालन<br>• नमुना विद्यालयको विकास<br>• विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम<br>• नियमित आवधिक परिक्षा संचालन<br>• शिक्षकहरुलाई पेशागत तालिमको व्यवस्था गर्ने<br>• उच्च ुणस्तरीय नतीजा हासिल गर्ने विद्यालय तथा शिक्षकहरुलाई प्रोत्साहन र पुरस्कृत गर्ने ।<br>• विषयगत सिकाई उपलब्धि सुधार योजना तयार गर्ने<br>• आवश्यक पुस्तकालय, फर्निचर, विज्ञान प्रयोगशाला, विद्यालय भवन, शौचालय आदिको निर्माण तथा व्यवस्थापन | विद्यालय भवन, शौचालय, सुरक्षित खानेपानी, पुस्तकालय, फर्निचर कम्प्युटर ल्याव आदि को कमी<br>• शिक्षा क्षेत्रमा भएको लगानी अनुसारको सिकाइ उपलब्धि प्राप्त हुन नसकेको ।<br>• तालिमबाट सिकेका व्यवहारिक सिप कक्षाकोठामा प्रयोग गर्ने परिपाटिको अभाव | |
| ७. | विद्यालय व्यवस्थापन तथा सुशासन | विद्यालय संस्थागत व्यवस्थापन प्रभावकारी र सुदृढ बनाउने | • बि.व्य.स तथा शि.अ.सं, प्र.अ तथा शिक्षक शिक्षकको गुणस्तर प्रति | • विद्यालय व्यवस्थापन समितिको क्षमता अभिबृद्धि, | • विद्यालय व्यवस्थापन समितिको क्षमता अभिबृद्धि कार्यक्रम<br>• आवश्यक निर्देशिका तथा | • संघिय राज्यको पुर्णसंरचना बमोजिम संघीय तथा प्रदेश स्तरका ऐन, नीतिको | • १२ लाख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जवाफदेही भएका<br>• निश्चित मापदण्डको आधारमा समतामुलक स्रोतको वितरण भएको | पारदर्शिता र जवाफदेहिता जस्ता पक्षमा सुधार गर्ने ।<br>• आवश्यकताको आधारमा वयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने अनुमति प्रदान गरिने<br>• शिक्षक व्यवस्थापन तथा दरबन्दि मिलान<br>• प्रभावकारी अनुगमन संयन्त्रको विकास । | कार्यविधि तथा शिक्षा योजनाको निर्माण गर्ने<br>• समतामुलक रुपमा स्रोतहरुको वितरण<br>• प्रधानाध्यापकहरु सँग करार सम्झौता<br>• वडा शिक्षा समितिहरुको गठन र क्रियाशिलता<br>• पा लकास्तरीय प्रधानाध्यापकको निय मत बैठकमा शक्षक पेसागत सहयोगको बारेमा छलफल<br>• इजिआर शक्षकको निय मत बैठक र अनुभव आदानप्रदान<br>• शक्षकको पेशागत वकास, पेशागत सहयोग, पुनर्ताजगी ता लम आदिको ला ग शै क्षक ता लम केन्द्र तथा जिल्ला शक्षा वकास तथा समन्वय इकाईसँग समन्वय र सहयोग<br>• वद्यालयमा शक्षण सकाइ सामग्रीको उपलब्धता र व्यवस्थापन<br>• शक्षण सकाइ सामग्री तथा सन्दर्भ सामग्रीको प्रभावकारी प्रयोगको सुनिश्चितताको ला ग, शक्षकलाई शक्षण माध्यममा सहयोग गर्न र निय मत मुल्यांकन प्रणाली सुधारमा सहयोग गर्न वद्यालय तथा कक्षाकोठा भ्रमण | अभाव तथा नीतिगत अस्पष्टता<br>• विद्यालय व्यवस्थापन समितिको क्षमता र सक्रियता कम हुनु । | |

**मुख्य मुख्य क्रियाकलापहरु**

**(क) पहुँच**

- **विद्यार्थी भर्ना अभियान**

नगरपालिका भित्रका सबै विद्यालय जाने उमेरका बालबालिकाहरु विद्यालयको पहुँचमा भएको सुनिश्चितता गरिनेछ ।सबै विद्यालयले आफ्नो पहुँच सेवा क्षेत्र भित्र शैक्षिक सत्रको वैशाख महिना भर भर्ना अभियान संचालन हुनेछ । भर्ना अभियानमा बालविकास जाने उमेर ३ देखि ४ वर्षका बालबालिकालाई बालविकास केन्द्र र ५ वर्ष देखि १२ वर्ष उमेर समुहका बालबालिकालाई आधारभूत तहमा अनिवार्य रुपमा भर्ना गरिनेछ । अन्य विभन्न तहमा कक्षा छाडेका बालबालिकाहरुलाई त्यसको कारण पहिल्याएर विद्यालयमा भर्ना गरिनेछ । वैशाख २ देखि १५ गते सम्म पहिलो चरणको भर्ना अभियान र १६ देखि अन्तिम दिनसम्म सघन रुपमा दोस्रो चरणको रुपमा संचालन गरिनेछ । दास्रो चरणमा घरदैलो कार्यक्रम गरी पहिलो चरणमा भर्ना नभएका, छुटेका, अपाङ्गता भएका लगायत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ र सबै विद्यालयलाई पूर्ण भर्ना भएको विद्यालय घोषणा गरिनेछ ।

- **पाठ्यपुस्तक बितरण**

आधारभूत तहसम्मका सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकारको नीति बमोजिम नि:शुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध भएको सुनिश्चितता गरिनेछ । शैक्षिक सत्रको सुरु हुनु भन्दा अगावै अर्थात चैत्र २० गते भित्रै नगरपालिका भित्रका पुस्तक वितरकहरुकोा पाठ्यपुस्तक आईपुगेको हुनेछ ।विद्यालय भर्नासँगै सबै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध हुनेछ ।

- **छात्रबृति वितरण**

नेपाल सरकारको नीति अनुसार प्राप्त हुने छात्रा, दलित, जेहेन्दार र अपांगता छात्रबृतिहरु प्रचलिलत नीति अनुसार सम्बन्धि व्यक्तिहरुलाई नै वितरण गरिएको सुनिश्चितता गरिनेछ । अपुग व्यक्तिहरुको हकमा नगरालिकाले थप छात्रबृतिहरुको व्यवस्थापन गर्नेछ । आर्थिक अवस्था कमजोर भएका कारणले कोहि पनि शिक्षबाट बंन्चित हुनुपर्ने छैन ।

- **बालशिक्षा केन्द्रको सदृढीकरण**

४ देखि ५ उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षा केन्द्रको पहुँचको सुनिश्चितता गरिनेछ । हाल भएका बालशिक्षा केन्द्रको प्रभावकारी संचालनका लागी सहजकर्ताहरुलाई आवश्यक क्षमता विकास तालिमहरुको प्रबन्ध गरिनेछ ।शिक्षाको गुणस्तर सुधार गर्ने बालविकासा लगानी अभिबृद्धि गरिनेछ ।

- विद्यालय पहुँचमा पुग्न कठिन भएका, विपन्न र असहाय बालबालिकाको लागि विद्यालय नजिक आवासको व्यवस्था गर्ने ।

**(ख) शिक्षाको गुणस्तर अभिबृद्धि**

१. प्रचलित व्यवस्था अनुसार कम्तीमा २२० दिन विद्यालय संचालन भएको सुनिश्चिता गरिनेछ ।

२. नेपाल सरकारको नीति अनुसार कक्षा **१** देखि **७ सम्म निरन्तर** विद्यार्थी मूल्यांकन प्रणालीलाई थप प्रभावकारी ढँगले कार्यन्वयनले गरिनेछ । शिक्षण पेशामा नव प्रवेशी शिक्षकहरुलाई क्षमता अभिबृद्धिका लागि विकास साझेदार निकायहरुसँग समेत सहकार्य गरिनेछ । निरन्तर विद्यार्थी मूल्यांकन प्रणालीबाट पहिचान भएका सिकाईमा थप सहयोग गर्नुपर्ने बालबालिकालाई शिक्षकले विशेष सहयोग गरी सुधारात्मक शिक्षण गर्ने व्यवस्था हुनेछ ।

३. परीक्षा संचालन प्रभावकारी सिकाईका लागी परीक्षा लिन विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । सबै विद्यालयहरुमा मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा परीक्षा संचालन गर्ने परिपाटिको विकास गरी उक्त परीक्षा को नतिजाहरुलाई समीक्षा गरी थप शिक्षण सिकाई क्रियाकलाप संचालन गरिनेछ । मासिक परीक्षाको विषयगत नतिजा विद्यालय व्यवस्थापन र शिक्षकहरुको संयूक्त बैठकमा समीक्षा गरी आवश्यक सुधारको योजना तयार गरी त्यसको कार्यान्वयन गरिनेछ । अर्धवार्षिक तथा वार्षिक परीक्षा को नतिजा सम्बन्धि विद्यार्थीका अभिभावकहरुसँग प्रत्यक्ष भेटेर समीक्षा गरिनेछ ।

## ४. शिक्षकको पेशागत विकास

नगरभित्रका सबै शिक्षकहरुले अनिवार्य रुपमा पेशागत तालिम लिएको सुनिश्चितता गरिनेछ । विज्ञान, गणित तथा अंग्रेजी जस्ता प्राथमिकता प्राप्त विषयका शिक्षकहरुलाई आवश्यकता अनुरुप विषय विज्ञरुसँगको सहकार्यमा **१ देखि तीन दिन** सम्मको पूर्नताजगी तालिमहरु प्रदान गरी तालीम पश्चात त्यसको अनुगमण समेत गरिनेछ । तालिममा सिकेको कुराहरु कक्षाकोठा भित्र कार्यन्वयन भए नभएको वडा शिक्षा समिति र नगर शिक्षा समिति , शिक्षा शाखाका कर्मचारीहरु तथा अन्य विषय विज्ञहरुद्वारा निरन्तर अनगमन गरिनेछ ।

## ५. सिकाई उपलब्धि सुधार योजना

सबै शिक्षकहरुले विषयगत सिकाई उपलब्धि योजना तयार गरी प्रधानध्यापक सँग करार सम्झौता गर्नुपर्नेछ । सबै विषयगत सिकाई उपलब्धिहरुलाई एकिकृत गरी विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल गरी उक्त योजनाको आवधिक रुपमा प्रधानध्यापक, विधालय व्यवस्थापन समिति तथा नगरपालिकाका शिक्षा शाखा का प्रतिनिधिहरुबाट अनुगमन र समीक्षा गरिने ।

## ६ विद्यालय स्वास्थय र पोषण कार्यक्रम

विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई नियमित रुपमा अझ प्रभावकारी ढंगले संचालन गरिनेछ । विद्यालयमा यस कार्यक्रमको लागि सम्पर्क शिक्षक तोकी उनीहरुको क्षमता अभिवृद्धि गरिनेछ । फोकल शिक्षकहरुको नियमित बैठक बसी आइपरेका चुनौती र राम्रा अभ्यासहरुलाई आदान प्रदान गर्ने व्यवस्था गरिनेछ । निश्चित उमेरका सबै बालबालिकाले जुकाको औषधी र छात्राहरुले आईरन फोलिक एसिड खाएको सुनिश्चितता गरिनेछ । सबै विद्यालयमा प्रत्येक वर्ष जेष्ठ महिनाको पहिलो हप्ता विभिन्न कार्यक्रमहरु प्रारम्भिक स्वास्थ्य जाँच, चेतनामूलक कार्यक्रमहरु, स्वास्थ्य र पोषण सम्बन्धि कक्षा जस्ता कार्यक्रम गरी स्वास्थ्य तथा पोषण सप्ताह भब्य रुपमा सबै विद्यालयमा मनाइनेछ । सबै विद्यालयमा प्राथमिक उपचार सामाग्री व्यवस्था गरिनेछ । अभिभावहरुको संलग्नतामा सबै बालबालिकाहरुलाई विद्यालयमा घरमै बनेका दिवा खाजा ल्याउने अवस्थाको सिर्जना गरिनेछ ।

## ७. राम्रा अभ्यासहरुको स्थानान्तरण

नगरपालिका भित्रै र बाहिर समेत शिक्षामा राम्रा अभ्यासहरु भएका तथा राम्रो सिकाई उपलब्धि हासिल गरेका नमूना विद्यालयहरुको भ्रमण गरी राम्रा अभ्यासहरु तथा सिकाइहरुलाई आदान प्रदान गर्न प्रोप्साहन गरिनेछ । साथै विद्यालयहरुले कार्यान्वयन गरेका राम्रा अभ्यासहरुको अभिलेखीकरण गरी एक आपसमा आदान प्रदान गर्न प्रोत्साहन गरिनेछ । सामुदायिक र संस्थागत विद्यालयहरुमा भएका राम्रा पक्षहरुलाई एक आपसमा आदान प्रदान गर्ने अवसरहरु प्रदान गरिनेछ ।

## ८. नमुना विद्यालयको विकास

गुणस्तरयि शिक्षण सिकाइमा सम्बन्धि असल अभ्यासहरुलाई प्रर्दशन र प्रोत्साहन गर्न नगरपालिकाका प्रत्येक **वडामा एउटा नमुना विद्यालयको विकास** गरिनेछ । नमूना विद्यालय छनौट र

विकासका लागी विभिन्न शैक्षिक सूचकांक विकास गरी विद्यालय छनौट गरिनेछ । नमूना विद्यालयहरुलाई निरन्तर विकास गर्ने योजना प्रस्ताव गरे अनुरुप समुदायको योगदानमा समेत ध्यान दिदैं नगरपालिका अन्य विद्यालयहरुमा आदान प्रदान गरिनेछ ।

### ९. शिक्षक तथा विद्यालयलाई प्रोत्साहन

नगरपालिकाभित्रका विभिन्न विषयमा असल अभ्यासहरु गरेको, उच्च सिकाइ उपलब्धि हासिल गरेको, उत्कृष्ट शैक्षिक व्यवस्थापन गरेको जस्ता सूचकांकहरु निर्धारण गरी उक्त सूचकांकमा उत्कृष्टता हासिल गर्ने विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ ।

### १०. विद्यालय शान्ति क्षेत्र र बालमैत्री विद्यालय विकास

बालबालिकाहरुलाई राजनैतिक गतिविधिमा संलग्न नभएको र बन्द हडतालको असर विद्यालयमा नपर्ने कुराको सुनिश्चित गरिनेछ । कुनै पनि बन्द हडतालको समयमा पनि निर्वाध रुपमा विद्यालय संचालन गरिनेछ । शिक्षण सिकाई प्रकृयामा विद्यार्थीहरुलाई कुनै किसिमको शारीरिक तथा मानसिक दण्ड सजाय नहुने सुनिश्चित गरिनेछ । विद्यार्थीहरुको कुरा सुन्न विद्यालय व्यवस्थापन समितिमा बालबालिकाहरुको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ ।

### ११. अतिरिक्त क्रियाकलाप संचालन

विद्यार्थीहरुका अन्तर्निहित प्रतिभाहरुको प्रष्टफुटन गर्न र व्यक्तित्व विकासको अवसर प्रदान गर्न विद्यालयहरुमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ । प्रत्येक शुक्रबार दोस्रो सत्र पछि वार्षिक कार्ययोजनामा उल्लेख भए अनुसारका अतिरिक्त क्रियाकलापहरु संचालन गरी सबै विद्यार्थीहरुलाई सहभागी गराई उनीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ । साथै विभिन्न दिवसहरु जस्तै **शिक्षा दिवस, बाल दिवस, सरस्वती पुजा, पोषण सप्ताह आदिमा** यस्ता क्रियाकलापहरु आयोजना गरिनेछ ।

### १२. विद्यालयमा विपद् जोखिम न्यूनीकरण

विद्यालयलाई सिकाइका लागि सुरक्षित स्थानको रुपमा विकास गरिनेछ । संभावित विपद्को जोखिम न्यूनीकरणका लागी विपद् जोखिम न्यूनीकरण योजनालाई विद्यालय सुधार योजनामा समावेश गरी सोही योजना अनुसार पूर्व तयारी गर्ने, जोखिम घटाउने उपायहरु अपनाउने, सुरक्षित स्थानहरुको पहिचान गर्ने, बालबालिकाहरुको चेतना स्तर बढाउने जस्ता क्रियाकलापहरु संचालन गरिनेछ । नयाँ भवनहरु बनाउँदा भूकम्प र अन्य प्रकोप प्रतिरोधी विधिहरुको प्रयोग गरिनेछ ।

## (ग) विद्यालय व्यवस्थापन तथा सुशासन

### १. प्रधानाध्यापक व्यवस्थापन

प्रधानाध्यापकहरुको छनौट प्रचलित नियम अनुसार हुनेछ । नगरपालिकाको शिक्षा अधिकृतसँग वार्षिक रुपमा गर्नुपर्ने कार्य विवरण सहित करार संझौता अनुसार कार्य प्रगती भए नभएको नियमित अनुगमन हुनेछ । प्रधानाध्यापकहरुलाई शैक्षिक व्यवस्थापन सम्बन्धि आवधिक कार्यशाला तथा तालीमहरुको प्याकेज तयार गरी क्षमता अभिवृद्धि गरिनेछ ।

### २.प्रधानाध्यापक बैठक

मासिक रुपमा सबै विद्यालयका प्रधानाध्यापकहरुको बैठकको आयोजना गरिनेछ । बैठकमा प्रधानाध्यापकहरुसँग भएको करार संझौताको प्रगती र आइपरेका चुनौतीहरु, राम्रा अभ्यासहरु तथा अन्य समसायिक विषयवस्तुमा छदफल गरिनेछ ।

## ३.भौतिक सुविधाहरुको व्यवस्थापन

नगरपालिका भित्रका सबै विद्यालयहरुमा सर्वेक्षण गरी भौतिक सुविधाहरु जस्तै विद्यालय भवन, शौचालय, खानेपानी, घेरावार, खेल मैदान, पुस्तकालय, ल्याव, फर्निचर आदिको अवस्था पहिचान परी आवश्यकता र प्राथमिकताको आधारमा क्रमश :सुविधा सम्मपन्न गरिनेछ । सबै विद्यालयहरुमा छात्र र छात्राको लागी छुट्टा छुट्टै शौचालय व्यवस्था हुनेछ । विद्यालय शुद्ध र पिउन योग्य पानी उपलब्ध भएको सुनिश्चितता गरिनेछ । भौतिक सुविधाहरुको निर्माण तथा व्यवस्थापन गर्दा विपद् प्रतिरोधी, बालमैत्री तथा अपाङ्गतामैत्री भएको सुनिश्चितता गरिनेछ । पूराना भवनहरुको मर्मत संभार गर्दा विपद् प्रतिरोधी प्रविधिहरु अपनाइनेछ । विद्यालयमा भएका पुस्तकालय, कम्प्यूटर ल्याव, विज्ञान ल्यावहरुलाई क्रमश : सुधार गरिनेछ ।

## ४.विधालय सामाजिक परिक्षण

सबै विद्यालयहरुले अनिवार्य रुपमा भाद्र मसान्त भित्र सामाजिक लेखा परीक्षण सम्पन्न गरी त्यसको प्रतिलिपि नगरपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्दछ । विद्यालयसँग सरोकार राख्ने सबै सरोकारवालहरुको अनिवार्य र सक्रिय सहभागितामा बृहत बैठक बसी विद्यालयको भौतिक अवस्था, विद्यालय सुधार योजनाको कार्यान्वयन, सिकाई उपलब्धिको प्रगति, आईपरेका चुनौती जस्ता विषयमा विद्यालयको वर्तमान अवस्था र सुधार गर्नुपर्ने पक्षमा व्यापक छलफल गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## ५. विद्यालयको आन्तरिक सक्षमतामा सुधार

सबै विद्यालयहरुले आफ्नो विद्यालयहरुमा भर्ना भएका विद्यार्थी संख्या, कक्षा दोहोर्‍याउने संख्या, कक्षा छोड्ने वा स्थानान्तरण हुने संख्या आदिको तथ्याँक संकलन र विश्लेषण गरी यसका कारणहरु उपर छलफल गरी उक्त दर घटाउने कार्य योजना बनाई लागू गरिनेछ । सिकाई सहितको उमेर अनुसारको कक्षोन्नतीलाई प्राथमिकता दिइनेछ ।

## ६.विद्यालयलाई स्रोत विवरण

नगरपालिकाबाट वितरण गरिने स्रोतहरु वितरण गर्दा आवश्यकता, विद्यार्थी संख्या, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरुको सक्रियता, कार्यक्षमता आदिको आधारमा गरिनेछ । राम्रो शैक्षणिक अभ्यास र नतिजा हासील गर्ने विद्यालयहरुलाई थप स्रोत उपलब्ध गराइनेछ । विद्यालय सुधार योजना परेका ठोस योजनाहरुलाई कार्यान्वयन गर्न विद्यालयहरुलाई सहयोग गरिनेछ ।

## ७. विद्यालय खोल्ने, कक्षा थप गर्ने र गाभ्ने व्यवस्था

विद्यालय खोल्ने, कक्षा थप गर्ने र गाभ्ने व्यवस्था प्रचलित नीति अनुसार हुनेछ । आवश्यकताको आधारमा नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने अनुमति प्रदान गरिनेछ । कम विद्यार्थी भएका र नजीकै अर्को विद्यालय भएको विद्यालयलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।

## ८. शिक्षक व्यवस्थापन तथा दरबन्दि मिलान

सबै विद्यालयहरुमा विद्यार्थी अनुपातको आधारमा दक्ष मानव स्रोतको व्यवस्थापनका लागि पहल गरिनेछ । नगरपालिका भित्र विद्यार्थी र शिक्षक अनुपातको आधारमा शिक्षकहरुको दरबन्दि मिलान गरिनेछ ।

## ९. विद्यालय सुधार योजना तर्जुमा

यस नगर भित्र सम्पूर्ण विद्यालयहरुले विद्यालयसँग सरोकार राख्ने सरोकारवालाहरु जस्तै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बालक्लव, शिक्षकहरु, अभिभावहरु समेतको सहभागितात्मक कार्यशालाबाट व्यापक छलफल गरी **पाँच वर्षको लागि तोकिएको ढाँचामा विद्यालय सुधार योजना** तयार गरी शैक्षिक सत्रको चैत्र मसान्त भित्र नगरपाकिाको सम्बन्धि शाखामा पेश गर्नुपर्नेछ । साथै उक्त योजनामा उल्लेख भए अनुसारका वार्षिक योजनालाई अद्यावधिक गर्नु पर्नेछ । विद्यालय सुधार योजनको आधारमा विद्यालयहरुलाई नगरपालिकाले प्रदान गर्ने योजनाहरुको वितरण गरिनेछ । वार्षिक योजनाको कार्यान्वयनको प्रगति समिक्षा विद्यालय व्यवस्थापन समितिको बैठकमा कम्तिमा अर्ध वार्षिक रुपमा गरिनेछ ।

### १०. प्रभावकारी अनुगमन

विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिलाई शिक्षकको गुणस्तर प्रति उत्तरदायी बनाउन तथा शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय अनुगमनलाई योजनाबद्ध रुपमा संचालन गरिनेछ । प्रधानाध्यापकले अनिवार्य रुपमा **४ ओटा कक्षाहरु अनुगमन गरी** शिक्षकहरुलाई पृष्ठपोषण दिई त्यसको अभिलेख राखिनेछ । विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति, नगरपालिकाका शिक्षा शाखा, नगर शिक्षा समितिबाट पनि प्रचलित नीति बमोजिमको अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ । आकस्मिक रुपमा एक वडाका सबै विद्यालय अनुगमन **गर्ने विधि स्ट्याम्प** ( **The STAMP (Standards-based Measurement of Proficiency)** test is an online assessment of reading, writing, speaking, and listening skills in a variety of languages. ) अनुगमनलाई नियमित रुपमा संचालन गरिनेछ । अनुगमनबाट प्राप्त सुझावहरुको कार्यान्वयनलाई जोड दिईनेछ ।

## ५.३ स्रोत व्यवस्थापन

शिक्षाको गुणस्तर कायम गर्न माथि प्रस्तावित कार्यक्रमहरुको कार्यन्वयन गर्न आर्थिक, भौतिक तथा मानवस्रोत जरुरत पर्दछ । विभिन्न स्रोतहरुको व्यवस्थापनका लागी नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने नगर शिक्षा समितिले त्यसको अनुगमन गर्नेछ । नगरपालिका, प्रदेश सरकार र केन्द्रीय सरकारबाट प्राप्त हुने आर्थिक स्रोतहरु नगर शिक्षा योजनाको प्राथमिकता अनुसार उपयोग गरिनेछ । नगरपालिकामा कार्यरत संघ संस्था, निजि, क्षेत्र, वन समिति, व्यक्तिगत दाताहरुबाट पनि आर्थिक स्रोतहरु जुटाईनेछ । कक्षा कोठा भित्रको शिक्षण सिकाई क्रियाकलापहरुलाई सुधार गर्न शिक्षा क्षेत्रका कार्यरत संघ संस्था, सेवा निवृत शिक्षकहरु, शिक्षा संकायमा अध्ययनरत विद्यार्थीहरुलाई परिचालन गरिनेछ । स्थानीय समुदायहरुको लागत साझेदारी र सहभागितालाई व्यवस्थित रुपमा प्रोत्साहन गरिनेछ ।

## योजनाको अनुगमन तथा मूल्यांकन

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरमा शिक्षा शाखा तथा नगर शिक्षा समितिले अगुवाई गर्नेछ र वडामा वडा शिक्षा समितिले गर्ने छ । प्रत्येक शैक्षिक सत्रको अन्त्य सँगै नगर शिक्षा समितिले एक कार्यदल गठन गरि यस योजनामा उल्लेखित सूचकहरुमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलब्ध तथ्यांकहरुको विश्लेषण गरी नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्नेछ । उक्त प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा छलफल गरी आवश्यक सुझाव सहित कार्ययोजना बनाई कार्यान्वयन गर्न सम्बन्धित **शाखालाई** निर्देशन दिनेछ । शैक्षिक सत्र २०७८ को अन्त्यमा यस योजनाको **पाँच वर्षको** प्रगति सहितको प्रतिवेदन तयार गरिनेछ ।

## अनुगमन कार्ययोजना

| क.स | कियाकलाप | कसले | कहाँ | कहिले | कसलाई प्रतिवेदन दिने | अनुगमन सुचांक |
|---|---|---|---|---|---|---|
| १. | सबै बालबालिकाको शिक्षाको पहुँचमा भएको सुनिश्चितता | वि.व्य.सं. | विद्यालय | बैशाख महिना भित्र | प्र.अ मार्फत वडा शिक्षा समिति मार्फत नगरपालिकामा | भर्ना अभिलेख, बैठकको निर्णय |
| २. | विद्यार्थीहरुको औषत सिकाई उपलब्धिदरमा सुधार भएको सुनिश्चितता । | प्रधानाध्यापक | विद्यालय | अर्धवार्षिक र वार्षिक परिक्षामा | शिक्षाशाखामा | विद्यार्थहरुको नतिजा रजिष्टर |
| ३. | नगरपालिका गुणस्तरीय शिक्षाको मौलिक ढाँचा तयार पारि कार्यन्वयन गर्ने तथा अनुगमन फारमहरु तयार गर्ने । | शिक्षा शाखा | नगरपालिका | असोज २०७८ | | गुणस्तरीय शिक्षाको मौलिक ढाँचा र अनुगमन फारम |
| ४. | शिक्षा सम्बन्धि आवश्यक नियमावली तथा निर्देशन तयार गर्ने । | नगरकार्यपालिका | नगरपालिका | आवश्यकता अनुसार | | |
| ५. | विद्यालय अनुगमन गर्ने, आकस्मिक अनुगमन (**The STAMP (Standards-based Measurement of Proficiency)** test is an online assessment of reading, writing, speaking, and listening skills in a variety of languages. ) कार्यक्रम गर्ने । | शिक्षा शाखा, नगर शिक्षा समिति, वडा शिक्षा समिति | विद्यालयहरु | | | |
| ६. | नगर शिक्षा योजनाको अपेक्षित शैक्षिक सूचकहरु विधलय सुधार योजनामा राख्ने । | प्रधानाध्यापक | विद्यालय सुधार योजना | बैशाख मसान्त | शिक्षा शाखा | विद्यालय सुधार योजना |
| ७. | नगर शिक्षा योजना प्रगति प्रतिवेदन तयार गर्ने र समिक्षा गर्ने । | शिक्षा शाखा, नगर शिक्षा समिति | नगरपालिका | जेष्ठ भित्र | प्रशासकिय प्रमुख मार्फत नगर प्रमुख | प्रगति प्रतिवेदन |
| ८. | **पाँच वर्षको** प्रगती प्रतिवेदन तयार गर्ने र समीक्षा गर्ने । | शिक्षा शाखा नगर शिक्षा समिति | नगरपालिका | असार २०७८ | प्रशासकिय प्रमुख मार्फत नगर प्रमुख | प्रगति प्रतिवेदन |

- प लकास्तरीय अनुगमन र मुल्यांकन प्रारुप तयार गर्ने र कार्यान्वयन गर्ने
- National Assessment of Reading and Numeracy (NARN), कक्षाकोठामा आधारीत प्रारम्भिक कक्षा पढाइ परिक्षण (CB-EGRA) जस्ता परिक्षण संचालन गर्ने
- पा लका, वडा र वद्यालयहरुमा कक्षाकोठामा आधारीत प्रारम्भिक कक्षा पढाइ परिक्षण (CB-EGRA) नतिजा छलफल गर्ने
- वद्युतीय तथ्यांक निर्माण र वश्लेषण गर्ने (जस्तैः पा लकास्तरीय शै क्षक पाश्र्व चत्र निर्माण गर्ने)

## नगर शिक्षा योजनाबारे कार्यपालिकाको सदस्यहरु तथा सरोकारवालासँगको अन्तरक्रिया







अन्तरक्रिया बैठक
२०७८ साल मंसिर ०६
स्थान : होटल कुसुम पार्टी प्यालेस, मलंगवा
VSO
handicap international



